मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३०१ ★ ने. सं. ११४६ कछला गा, चतुर्दशी ★ बुधबार ★ ३ मङ्सिर, २०८२ ★ November 19, 2025, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## ‘राजनीति’ र ‘नेताहरू’ शब्दप्रति नै जनतामा वितृष्णा !

काठमाडौँ, २ मङ्सिर । निश्चय पनि आज नेपालमा ‘राजनीति’ र ‘नेताहरू’ शब्दप्रति नै साधारण जनताले वितृष्णा अनुभव गरेको देखिन्छ । तर, सबैलाई थाहा भएकै विषय हो कि राजनीति वा राज्य व्यवस्था नभई देश र समाज अहिले चल्दैन । के सत्य हो भने दलहरूका सभापति वा महासचिव वा नेतृत्वले ‘वचन पालना नगरेको’ ‘निर्वाचन घोषणापत्र’ अनुसार शासक दलहरूले कार्यान्वयन नगरेको, आफ्नै दलका पदाधिकारी, आसेपासे र नातागोताको मात्रै स्वार्थ हेरेको, व्यक्तिगत, नीतिगत र पार्टीगतरूपले भ्रष्टाचार तथा पक्षपात सबै शासक दलहरूबाट भएको हुँदा जनतामा शासक दल, प्रधानमन्त्री, मन्त्रीहरू र छोटोमा ‘राजनीति’ शब्दप्रति नै साधारण जनतामा वितृष्णा र घृणाको भावना बढ्यो । त्यसो त भारतमा पनि ‘सेतो कुर्ता र सुरुवाल’ लाएका काङ्ग्रेसी वा अन्य नेताहरू आएको देख्दा ‘प्रणाम नेताजी’ भन्छन्, अभिवादन फर्काउँदै तिनीहरू ‘... नेता’ भनी गाली गर्छन् ।

त्यस्तै, ‘राजनीतिक भविष्यलाई ध्यानमा राखेर’ ‘नेताहरू’ ‘दल बदल’ गर्छन् भन्ने पदावली प्रयोग गर्छन् । ती अस्पष्ट वाक्य र वाक्यांशले भन्न खोजेको हो - ती नेताहरू पदको निम्ति भौतारिँदै छन् र माथिल्लो पद पाउनु भनेको मन्त्री, उपमन्त्री वा राज्यमन्त्री आदि पद चाहन्छन् । त्यस्ता विभिन्न दलका माथिल्ला कार्यकर्ताहरूमध्ये कति अर्थमन्त्री हुँदा आफ्नो मन्त्रालयकै कर्मचारी र अन्य मन्त्रीहरू नै नराख्ने काम-कारबाही गर्ने ठाउँमा विदेशी, व्यापारी वा कालाबजारीका दलालहरूलाई प्रदेश दिएका थिए । त्यस्ता पूर्वमन्त्रीहरूले नयाँ दलमा पनि त्यस्तै पद चाहने होलान् । कोही नेताहरू अन्य भ्रातृ सङ्गठन वा मित्र पार्टी फोर्न, पैसा, अन्य लोभ-लालच र रक्सीबाट बानी बिगार्दै कार्यकर्ता बनाउँछन् ।

त्यस्ता दही-चिउरे र पिपलपातेहरू सिद्धान्तच्युत र अरुबाट पालेका व्यक्तिहरूको रूपमा व्यवहार गरेका भए त्यस्ता दलहरूभित्र गलत तत्त्वहरू हतोत्साहित हुने थिए र दल तथा नेताहरूप्रति जनतामा देखिने वितृष्णा र घृणा कम हुँदै जाने थियो ।

### सामन्ती संस्कार र सरकारका मन्त्रीहरू

पुँजी व्यवस्थाको दुई विकल्प छ - एउटा, पुँजीवादको ठाउँमा समाजवादी व्यवस्थाको निम्ति सङ्घर्ष, दोस्रो हो राजतन्त्रलाई पुनः स्थापना गर्नु । पहिलो विकल्प - प्रगतिशील हो भने दोस्रो विकल्प, प्रतिगामी हो ।

तर, नयाँ पुस्ताको आन्दोलन ( जेन-जी) पछि बनेका सरकारका मन्त्रीहरूमा पनि चिनिएका काङ्ग्रेसी र केही अनुहार काङ्ग्रेसी छाप नलागेकाहरू पनि छन् । तर, त्यसरी व्यक्तिहरूलाई खुट्याउनुभन्दा तिनीहरूको कामबाट चिन्नु र भन्नु बढी उपयुक्त होला !

नाता-गोता, जात भाइ र एउटै क्षेत्रलाई प्राथमिकता दिएर मन्त्रीमण्डल बनाउनु, न्यायाधीशहरूको मनोनीत वा नियुक्ति गर्नु आदि सामन्तवादी संस्कार नै हो । विचार, ज्ञान र चरित्रको आधारमा पदमा राख्नु प्रजातान्त्रिक हो; यदि सबै जातिलाई भाग मिलाउने हो भने नीतिबाट एकरूपता आउँदैन । भारतमा ‘सार्वजनिक शिक्षामा’ प्राथमिकता नदिई दलितहरूको निम्ति निश्चित शिक्षाको कोटा वा कर्मचारीको कोटाको बन्दोबस्त गर्दा आधा शताब्दी बितिसक्दा पनि न दलितहरू सबै साक्षर र प्रतिस्पर्धी बने न त सबै जातजाति र भाषाभाषीहरू नै सबै साक्षर र प्रतिस्पर्धी भए । दलितहरूमा पनि तुलनात्मकरूपमा आर्थिक ‘स्तर’ माथि भएकाहरूले मात्र अवसरहरू प्राप्त गर्न सके । नीतिगतरूपमै हाम्रो देशको पाइला ठाउँमा नपरेसम्म देश र जनताको हित हुने कुरा मृगतृष्णा साबित हुनेछ ।

नेकाका अर्थमन्त्रीहरू डाक्टर रामशरण महत र प्रकाशशरण महत दुई दाजु भाइ धेरै वर्ष अर्थमन्त्री भए । तर, देशको विदेशी ऋण २७ खर्ब पुग्यो । अहिलेका नयाँ सरकारका अर्थमन्त्रीले डोल्मा कम्पनीलाई ८८ करोडभन्दा बढी छुट दिएको प्रस्तावबारे व्यापक चर्चा छ । ‘अघिल्लो साउनमै अस्वीकृत भएको थियो डोल्माको कर छुट प्रस्ताव’ कम्पनीलाई *(नेपाल समाचारपत्र, २ मङ्सिर २०८२)* झन्डै १ अर्ब राजस्व छली गरेको बताइन्छ । ‘चोरलाई चौतारो’ भनेको यही हो !

## विद्युत् खरिदमा करोडौँ भ्रष्टाचार ?

काठमाडौँ, २ मङ्सिर । भारतबाट नेपाल पटक पटक ठगिँदै आएको छ । राजनैतिक नेताहरूबिच भएको सन्धिसम्झौता होस् या प्रशासकहरूबिचको । नेपाललाई राजनैतिक र आर्थिक रूपमा दीर्घकालीन असर पर्ने सन्धि सम्झौताहरू समय समयमा हुँदै आएका छन् । नेपाली जनताले देश र जनताको हितविपरीतका सन्धि सम्झौताको निरन्तर विरोध गर्दै आएका पनि छन् तर शासक दलहरूले भने त्यसलाई कहिल्यै ध्यान दिएनन् । परिणामत: नेपाल विकास पथमा अघि बढ्नै सकेन ।

पछिल्लो चरणमा नेपाल भारतबिच भएको विद्युत् आयातसम्बन्धी सम्झौतालाई एक उदाहरणको रूपमा लिन सकिन्छ । गत असोज २७ गते नेपाल विद्युत् प्राधिकरण र भारतीय विद्युत् प्राधिकरण (पीटीसी) बिच ५ महिना ( जनवरी १ देखि मे मसान्त) को लागि १ सय ८० मे.वा. विद्युत् खरिदसम्बन्धी सम्झौता भयो । उक्त सम्झौता भारतको पीटीसीले माग गरेको भन्दा बढी मूल्यमा खरिद गर्ने भनी गरेको सार्वजनिक भयो ।

कार्तिक २१ गते अनलाइन खबर लेख्छ, ‘पीटीसीले ८ अगष्ट २०२५ मा नेपाल विद्युत् प्राधिकरणलाई प्रतियुनिट भा.रु. ६.७४ (ने.रु. १०.७८) पैसामा बिक्री गर्न तयार छ भनी प्रस्ताव पठाएको थियो । २७ असोज (१३ अक्टोबर) मा प्रतियुनिट ६.९५ भा.रु.

(ने.रु. ११.१२) मा खरिद गर्ने सम्झौता गऱ्यो ।’कुनै पनि सामान बिक्रेताले तोकेको मूल्यभन्दा बढीमा खरिद गर्नु अनियमितता हो, भ्रष्टाचार हो । भारतीय कम्पनी पीटीसीले तोकेको भन्दा प्रतियुनिट बिजुलीको ३४ पैसा बढी मूल्य तिर्नुपर्दा ५ महिनामा राज्यलाई ४३ करोड घाटा हुने देखिन्छ । राज्यलाई घाटा हुने वा राज्यको सम्पत्तिमा क्षति पुग्ने गरी जोसुकैले जस्तोसुकै काम गरेको होस् त्यो भ्रष्टाचार हो र दण्डनीय अपराध हो ।

कुलमान घिसिङ राष्ट्रघाती एमसीसी पारित गर्न भूमिका खेल्ने मुख्य पात्रहरूमध्ये एक हुन् । उनी माओवादीका विश्वासपात्र पनि हुन् । माओवादीलाई एमसीसीमा हस्ताक्षर गर्न सहमत गराउनमा उनको ठुलो हात रहेको स्वयम् माओवादी नेताहरू बताउँछन् ।

भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि बनेको सुशीला कार्कीको नेतृत्वको सरकारमा उनी ऊर्जामन्त्री बने । उनी नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक छँदा घाटामा गइरहेको प्राधिकरणलाई नाफामा ल्याउने काम गरेको भनी माओवादीहरू उनको खुब प्रशंसा गर्थे । उनका कर्तुतहरू नबुझेका नेपाली युवा जमातले त्यसलाई पत्याए पनि । तर, जब उनी ऊर्जामन्त्री बने बारबरा फाउन्डेसनसँग सम्बन्धित रहेको पोल खुल्यो । बारबरा फाउन्डेसन अमेरिकी गुप्तचर विभागद्वारा सञ्चालित एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) हो । त्यसले धेरै देशहरूका युवाहरूलाई आर्थिक सहयोगको बहानामा हातमा लिई सरकार परिवर्तन गराइसकेको छ । नेपालको वर्तमान सुशीला कार्की नेतृत्वको सरकार पनि अमेरिकी आइएनजीओको निर्देशनमा चल्ने सरकार भनेर बुझ्दा फरक पर्नेछैन ।

जेन-जी आन्दोलनको माग भ्रष्टाचारीहरूलाई कारबाही गरी सुशासन कायम गर्ने र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने हो । अहिलेसम्म मुख्य मुख्य भ्रष्टाचारीहरू कसैलाई कारबाही गर्न नसकेको मात्र होइन मन्त्रीहरू स्वयम् भ्रष्टाचारमा लिप्त भएको देखिएका छन् । कुलमान घिसिङ ऊर्जामन्त्री भएपछि उनले तत्काल हितेन्द्रदेव श्रेष्ठलाई हटाई मनोज सिलवाललाई कार्यकारी निर्देशक नियुक्त गरे र भोलिपल्टै भारतसँग नयाँ प्रस्ताव लिई राज्यलाई घाटा पुग्ने गरी सम्झौता गरे । अब नैतिक जिम्मेवारी ऊर्जामन्त्री कुलमानले लिनुपर्छ कि पर्दैन ? जेन-जीको नेतृत्व के गर्दै छन् ?

नेपाल-भारतबिच भएको कुनै पनि सन्धि सम्झौताले नेपाललाई घाटाबाहेक फाइदा पुऱ्याएको छैन । २०११ वैशाख १२ गते नेपाल–भारतबिच कोसी सम्झौता भयो । त्यतिबेला नेपालका प्रधानमन्त्री मातृकाप्रसाद कोइराला थिए । उनी संयुक्त सरकार (राष्ट्रिय प्रजा पार्टी, नेपाल प्रजा परिषद्, नेपाली राष्ट्रिय काङ्ग्रेस, नेपाली

***बाँकी पृष्ठ ८ मा***

## नेका र एमाले चुनावबारे किन स्पष्ट भएन ?

काठमाडौँ, २ मङ्सिर । एमालेका नेताहरू आफ्नो पार्टी निर्वाचनबाट भाग्ने होइन पनि भन्छन् र विघटित प्रतिनिधिसभाको पुनः स्थापना हुनुपर्ने जिकिर पनि गर्छन् । एमाले निर्वाचन वा संसद् पुन:स्थापनाबारे स्पष्ट हुन नसक्नु यसको राजनीतिक अस्पष्टता हो । नेकापछि सबभन्दा बढी सरकारको नेतृत्व गरेको पार्टी एमाले नै हो ।

नेकाले प्रतिनिधिसभा पुन:स्थापना विषयमा खुलेर बोलेको छैन । सरकार र निर्वाचन आयोगले बोलाएको बैठकमा नेकाको मत निर्वाचन नै थियो । मङ्सिर १ गते नेका र एमालेका दुई सांसदले सभामुख देवराज घिमिरेसँग अनौपचारिक भेट गरी प्रतिनिधिसभा पुन:स्थापनाबारे छलफल गरे । नेका पनि धुलमुलमा परेको पुष्टि भयो । नेकाका ४६ र एमालेका ३२ सांसदले संसद् पुन:स्थापनाको लागि हस्ताक्षर गरेको सार्वजनिक गरी जनतामा भ्रम फैलाउने काम भइरहेको छ ।

नेका सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणाको भदौ २४ गते घर आगजनीमा परेको बेला हजार रुपैयाँको नेपाली नोट चाङका चाङ जलेको

***बाँकी पृष्ठ ८ मा***




ग्रीक कम्युनिस्ट पार्टी (केकेई) को आयोजनामा ग्रीसको राजधानी एथेन्समा भएको साम्राज्यवादविरोधी ऱ्यालीमा सहभागी हजारौँ युवाहरू नोभेम्बर १८, २०२५ का दिन । सन् १९७३ मा पोलिटेक्निक विश्वविद्यालयका विद्यार्थीहरूको वीरतापूर्ण सङ्घर्षको ५२ औँ वार्षिक स्मृतिमा ऱ्याली आयोजना गरिएको हो । ब्यानरमा ‘साम्यवाद नै विश्वको युवा हो, स्वतन्त्रता र र विश्वको सुन्दरता हो ।’ लेखिएको छ ।

*तस्बिर : केकेईको फेसबुक पेज*





**सञ्चालनको पखाईमा पृथ्वी सङ्ग्रहालय**

नुवाकोटको विदुर नगरपालिका-२ मा निर्माण गरिएको 'पृथ्वी सङ्ग्रहालय' । सात रोपनी जग्गामा रु. पाँच करोड २८ लाखको लगानीमा दुई वर्षअघि निर्माण गरिएको उक्त भवनमा सङ्ग्रहालय स्थापना, प्रदर्शनीमा समावेश गरिने सामाग्रीका सम्बन्धमा अन्योल भएसँगै विदुर नगरपालिकाले सञ्चालनका लागि सहयोगी संस्था र विज्ञहरूसँग सहयोग खोजिरहेको छ । *तस्बिर : रामहरि न्यौपाने/रासस*

# बाल स्वास्थ्यबारे अनुसन्धान गर्दै अस्पताल

भक्तपुर, २ मङ्सिर । सिद्धि स्मृति महिला तथा बाल अस्पताल भीमसेनस्थान भेलुखेल भक्तपुरले महिला तथा बालबालिकाहरूको स्वास्थ्यसम्बन्धी अनुसन्धानहरू गर्दै आएको जनाएको छ । अनुसन्धान रिपोर्टका विषयमा मङ्गलबार जिल्लाका विभिन्न स्कूलका बाल शिक्षक शिक्षिकाहरूसँगको छलफलमा अस्पतालले विशेष गरेर महिला र बालबालिकाहरूबारे समुदायमा पुगेर विभिन्न अनुसन्धानहरू गर्दै आएको जनाएको हो ।

अस्पतालअन्तर्गतको बाल स्वास्थ्य अनुसन्धान परियोजनाका प्रमुख एवं बाल रोग विशेषज्ञ डाक्टर रामकृष्ण चन्द्योले शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौँसँगको सहयोगमा निरन्तर अनुसन्धान कार्यहरू गर्दै आएको जानकारी गराउनुभयो । पछिल्लोपटक मात्रै ६ देखि ११ महिनासम्मका बालबालिकाहरूमा हुने रोगबारे अनुसन्धान सकेको उहाँले जनाउनुभयो । चार सय जना गर्भवती महिलाहरूको स्वास्थ्यबारे पनि अनुसन्धान गरेको उहाँले जनाउनुभयो ।

पछिल्लो अनुसन्धानपछिको निर्क्योलहरूबारे जिल्लाका विभिन्न स्कूलहरूमा स-साना नानीबाबुहरूलाई पढाउने शिक्षकशिक्षिकाहरूसँग छलफल गरेको थियो । बालबालिकाहरूसँग नजिक बसेर काम गर्ने भएकाले ती शिक्षक-शिक्षिकाहरूसँगको एकदिने कार्यशाला गोष्ठी गरेर दिनभर छलफल गरेका हौँ, अस्पतालले भनेको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**ख्वप अस्पताल**

च्याम्हासिंह, भक्तपुर

## आवश्यकतासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित : २०८२ मङ्सिर ३ गते)

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको लागि निम्नलिखित पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम र अनुभव आदि प्रमाणपत्रहरूका प्रतिलिपिहरू र हालसालै खिचेको पासपोर्ट साइजको तीन प्रति फोटोसहित अस्पतालबाट प्राप्त आवेदन फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र अस्पताल प्रशासनमा दर्खास्त पेस गर्न यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी र म्याद नाघी आएको आवेदनउपर कुनै कारबाही हुनेछैन । यसअघि दर्खास्त दिने आवेदकहरूले समेत यस सूचनाअनुसार पुन: दर्खास्त पेस गर्न जानकारी गराइन्छ ।

| विज्ञापन नं. | पद | स्तर/तह | आवश्यक सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर | परीक्षाको किसिम | उमेर |
|---|---|---|---|---|---|---|---|
| १. | रेडियोग्राफी टेक्नोलोजिस्ट | अधिकृत स्तर, छैटौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो इमेजिङमा स्नातक वा सो सरहको उपाधी प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भई कम्तीमा ३ वर्षको अनुभव भएको । CT-Scan मेसिन सञ्चालनको अनुभव भएकोलाई प्राथमिकतामा राखिनेछ । | ५००।- | लिखित र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |
| २. | लेखा सहायक | सहायक स्तर, चौथो तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यपस्थापन सङ्कायमा प्रवीणता प्रमाणपत्र वा सो सरहको उपाधी हासिल गरी कम्प्युटरसम्बन्धी ज्ञान र सीप भएको । अनुभव भएकोलाई प्राथमिकतामा राखिनेछ । | ४००।- | लिखित र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |
| ३. | जिन्सी सहायक | सहायक स्तर, चौथो तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यपस्थापन सङ्कायमा प्रवीणता प्रमाणपत्र वा सो सरहको उपाधी हासिल गरी कम्प्युटरसम्बन्धी ज्ञान र सीप भएको । अनुभव भएकोलाई प्राथमिकतामा राखिनेछ । | ४००।- | लिखित र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |
| ४. | मेडिकल रेकडर सहायक | सहायक स्तर, चौथो तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यपस्थापन सङ्कायमा प्रवीणता प्रमाणपत्र वा सो सरहको उपाधी हासिल गरी कम्प्युटरसम्बन्धी ज्ञान र सीप भएको । अनुभव भएकोलाई प्राथमिकतामा राखिनेछ । | ४००।- | लिखित र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |

**पुनश्च :**

- दर्खास्त फारम रु. १००।- तिरी लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ ।
- फारम लिने समय बिदाको दिन बाहेक अन्य दिन १०:०० बजेदेखि ३:०० बजेसम्म
- फारम बुझाउने समय बिदाको दिनबाहेक अन्य दिन १०:०० बजेदेखि ३:०० बजेसम्म

विस्तृत जानकारीको लागि

**ख्वप अस्पताल, प्रशासन शाखा**

Email address: khwopahospital78@gmail.com

फोन: ०१-६६१३१४६, ६६२०३७४

# काठमाडौँ उपत्यका इँटा बिक्री डिपो सङ्घको नयाँ नेतृत्व चयन

भक्तपुर, २ मङ्सिर । काठमाडौँ उपत्यका इँटा बिक्री डिपो सङ्घको २८ औँ साधारणसभा तथा आठौँ अधिवेशन हालै सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि नवीन प्रजापतिले डिपो व्यवसायीहरू एकताबद्ध हुनुपर्नेमा जोड दिँदै समयसापेक्ष प्रविधिमैत्री बन्दै इमानदारिता र अनुशासन कायम राख्न नयाँ कार्यसमितिलाई सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, "नाङ्लो पसल खोल्नेको सङ्घसंस्था हुने तर वर्षमा करोडौँको कारोबार गर्ने यो संस्थाको निरन्तरता नभएकोले नयाँ कार्यसमितिले राम्रो काम गर्ने आशा छ ।"

उपाध्यक्ष बाबुकाजी गाईजुले स्वागत मन्तव्य दिनुभएको थियो भने संस्थापक अध्यक्ष तुल्सीदास दुमरु र पूर्वअध्यक्ष दीपककृष्ण माकजुले नयाँ कार्यसमितिलाई शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

अधिवेशनले चन्द्रकृष्ण ग्वाच्छाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

नयाँ कार्यसमितिको उपाध्यक्षमा श्यामकृष्ण बेकोजु, सचिवमा सत्यनारायण सुवाल र कोषाध्यक्षमा सुरेश माक चयन हुनुभएको छ । यसैगरी, रमेश वैद्य, रत्नप्रसाद कवां र शिवराम लवजु सदस्यमा चुनिनुभएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ, ट्रक तथा टिपरतर्फका वर्गीय संयोजक नवीन प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रमको सभापतित्व सङ्घका अध्यक्ष कृष्णप्रसाद प्रजापतिले गर्नुभएको थियो ।

# दुई खर्ब ७५ अर्ब बक्यौता कर असुली हुन बाँकी

काठमाडौँ, २ मङ्सिर । गत आर्थिक वर्ष २०८१/८२ सम्ममा तीन लाख ३० हजार ९१२ जना करदाताबाट रु. दुई खर्ब ७५ अर्ब बक्यौता कर असुली हुन बाँकी देखिएको छ ।

सोमबार सार्वजनिक गरिएको आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदनअनुसार बक्यौता बाँकी रहेका करदाताबाट रु. ९४ अर्ब ९५ करोड र प्रशासकीय पुनरावलोकनमा रहेका दुई हजार ९५ करदाताबाट रु. एक खर्ब ८० अर्ब १० करोड बराबर असुली हुन बाँकी देखिएको हो ।

असुली हुन बाँकी कर बक्यौताको अवस्था हेर्दा आयकरतर्फ सबैभन्दा बढी एक लाख ९३ हजार ६२० करदाताबाट रु. दुई खर्ब १९ अर्ब ११ करोड उठ्न बाँकी रहेको छ । मूल्य अभिवृद्धि करतर्फ एक लाख ३७ हजार २५३ करदाताबाट रु. ४८ अर्ब ७० करोड, अन्त: शुल्कतर्फ ३६४ करदाताबाट रु. चार अर्ब नौ करोड र अन्यतर्फ एक हजार ७७० करदाताबाट रु. तीन अर्ब १५ करोड बराबर कर असुली हुन बाँकी छ ।

गत आर्थिक वर्षमा आन्तरिक राजस्व विभागले कर बक्यौता असुलीका लागि राखेको वार्षिक लक्ष्यको प्रगति पनि न्यून देखिएको छ । "बक्यौता सङ्कलनतर्फ आर्थिक वर्ष २०८१/८२ मा आयकरतर्फ रु. २२ अर्ब ७६ करोड लक्ष्य रहेकामा रु. आठ अर्ब ७१ करोड असुल भई लक्ष्यको तुलनामा ३८ दशमलव २९ प्रतिशत प्रगति हासिल भएको छ," वार्षिक प्रतिवेदनमा भनिएको छ ।

त्यसैगरी, मूल्यअभिवृद्धि करतर्फ रु. १६ अर्ब ३३ करोड बक्यौता उठाउने लक्ष्य रहेकामा ६३ दशमलव २८ प्रतिशत अर्थात् रु. १० अर्ब ३३ करोड असुल भएको जनाइएको छ ।

गत आर्थिक वर्षमा बक्यौता समायोजनमा आयकरतर्फ रु. २७ अर्ब ३८ करोड लक्ष्य रहेकोमा रु. २१ अर्ब ३९ करोड प्रगति भई लक्ष्यको तुलनामा ७८ दशमलव एक प्रतिशत प्रगति भएको छ । त्यस्तै, मूल्य अभिवृद्धिकरतर्फ रु. १८ अर्ब १७ करोड लक्ष्य रहेकामा रु. २२ अर्ब २९ करोड अर्थात् वार्षिक लक्ष्यको तुलनामा १२२ दशमलव ६३ प्रतिशत प्रगति भएको छ । ***रासस***

# पाँचवटा तुइन हटाएर झोलुङ्गे पुल निर्माण गरिने

काँक्रेविहार (सुर्खेत), २ मङ्सिर । कर्णाली प्रदेश सरकारले तुइन पूर्ण रूपमा मुक्त गर्ने योजनालाई सफल बनाउन पाँच ठाउँका तुइन विस्थापन गरी झोलुङ्गे पुल निर्माण गर्ने भएको छ । सरकारले 'तुइनमुक्त कर्णाली' अभियान घोषणा गरेअनुसार चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जेठ २६ गते सार्वजनिक सूचना जारी गरी प्रदेशभित्रका सबै तुइनहरूको विवरण माग गरेको थियो । उक्त सूचनामा असार १० गतेभित्र तुइन रहेका नदी वा खोलाको नाम, स्थान, जिल्ला, त्यसको दूरी र सो तुइनबाट दैनिक रूपमा लाभान्वित हुने जनसङ्ख्यासहितको विस्तृत जानकारी पठाउन भनिएको थियो ।

मन्त्रालयमा दर्ता भएका अभिलेखअनुसार, प्रदेशका १० वटै जिल्लाबाट कुल ५५ वटा तुइन रहेको विवरण प्राप्त भएको थियो । यसमध्ये सबैभन्दा धेरै तुइन हुम्लामा १५ र कालीकोटमा १२ वटा रहेको उल्लेख छ । जाजरकोटमा १०, सुर्खेतमा आठ, डोल्पामा तीन, मुगुमा दुई, दैलेखमा दुई र सल्यानमा दुईवटा तुइन रहेको जानकारी मन्त्रालयमा दर्ता भएको थियो । यी प्रारम्भिक तथ्याङ्कले कर्णालीमा तुइनको समस्या अझै व्यापक रहेको देखाएको छ । मन्त्रालयमा दर्ता भएका ती ५५ वटा तुइनको वास्तविकता प्रमाणीकरणका लागि प्रदेश सरकारले जिल्लास्थित पूर्वाधार विकास कार्यालयहरूलाई खटाएको थियो । स्थलगत अध्ययन र प्रमाणीकरण प्रक्रिया पूरा गर्दा माग गरिएका ५५ वटा तुइनमध्ये पाँच वटामात्रै वास्तविक रूपमा विस्थापन गर्नुपर्ने अवस्थामा रहेको पुष्टि भएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले बताउनुभयो । उहाँका अनुसार अनुसार, तत्कालका लागि हुम्लामा दुई, जाजरकोटमा दुई र सल्यानमा एक गरी कुल पाँचवटा झोलुङ्गेपुल निर्माण हुने भएका छन् । हुम्लाको रिप्घाटमा एउटा र चाल नदीमा अर्को गरी दुईवटा झोलुङ्गे पुल बन्नेछन् । त्यसैगरी, जाजरकोटको स्याकुतडास्थित बाल्तारी झोलुङ्गे पुल र छोटानी रटेरा झोलुङ्गे पुल निर्माण गरिनेछन् । सल्यानमा भेरी नदीमाथि एउटा झोलुङ्गे पुल निर्माण गर्ने योजना छ । प्रदेश सरकारले तुइनमुक्त अभियानका लागि चालु आर्थिक वर्षमा जम्मा रु. एक करोड ५० लाख मात्रै बजेट विनियोजन गरिएको छ ।

**निवृत्तिभरण (पेन्सन पट्टा नं. १०३१८१०) हराएको सूचना**

म जयराम गिरी भक्तपुर चा.न.पा.-९ ताथली बस्नेको मिति २०८२/०३/१० का दिन नम्बर नखुलेको बसबाट नालाछाप काठमाडौँको बसमा चढी च्याह्मासिंहमा झर्ने क्रममा नेपाल प्रहरीबाट अवकास भई दिने निवृत्तिभरण (पेन्सन पट्टा नं. १०३१८१०) हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क नं.९८४१६३०५७० मा वा प्रहरी कार्यालयमा फिर्ता गरिदिनुहुन अनुरोध गर्दछु ।

## सङ्क्षिप्त समाचार

# नौ प्रकारका औषधि उत्पादनको तयारी

काठमाडौँ, २ मङ्सिर । नेपाल औषधि लिमिटेडले नौ प्रकारका औषधि उत्पादनको तयारी गरेको छ । लिमिटेडले ती औषधिको तीन महिनाको परीक्षण पूरा गरी ६ महिनाको परीक्षण सकाउने तयारीमा छ ।

लिमिटेडले जुका, मधुमेह, उच्चरक्तचाप, कोलस्टेरोल, आइरन चक्की, फोलिक एसिड, एजिथ्रोमाइसिनलगायत नौ प्रकारका औषधिको उत्पादनको तयारी गरेको हो । लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरुले ती औषधिको परीक्षण सकेर अर्को महिनादेखि उत्पादनका लागि औषधि व्यवस्थापन विभागबाट अनुमतिपत्र लिएर उत्पादन सुरु गर्ने जानकारी दिनुभयो । यसअघि लिमिटेडले ११ प्रकारका औषधि उत्पादन गर्दै आइरहेका छ । *रासस*

# बयालिस लाख ठगी गरेको अभियोगमा दुई जना पक्राउ

काठमाडौँ, १ मङ्सिर । कामदार भिषामा बेलायत पठाउने भन्दै रु. ४२ लाख ठगी गरेको अभियोगमा दुई जनालाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक सुनकोसी गाउँपालिका-७ घर भई हाल काठमाडौँ गोकर्णेश्वर-७ बस्ने २२ वर्षीय आदर्श तिमल्सिना तथा सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-४ घर भई गोकर्णेश्वर-७ बस्ने ३४ वर्षीय आशिष खोखाली रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पक्राउ परेकामध्ये तिमल्सिनाले रु. ३० लाख ५० हजार तथा खोखालीले रु. ११ लाख ५० हजार कामदार भिषामा युके पठाउने भन्दै एक जनाबाट रु. ४२ लाख रकम लिई फरार रहेको उजुरीका आधारमा पक्राउ गरिएको हो ।" फेसबुक पेजमा जेन शिक्षा मब नामक कन्सल्टेन्सीका सञ्चालक आशिष खोखालीसमेत भएको ठगीसम्बन्धी कसुर मुद्दामा निजहरूलाई काठमाडौँ-१२ बाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर भद्रकाली पठाइएको सूचना अधिकारी आचार्यले बताउनुभयो । *रासस*

# नेपाल चलचित्र निर्माता सङ्घको अध्यक्षमा सुब्बा निर्वाचित

काठमाडौँ, २ मङ्सिर । नेपाल चलचित्र निर्माता सङ्घको १९ औँ साधारणसभाबाट अध्यक्ष पदमा उदय सुब्बा निर्वाचित हुनुभएको छ । प्रतिस्पर्धी सुनीलकुमार थापालाई पराजित गर्दै सुब्बा अध्यक्ष पदमा निर्वाचित हुनुभएको हो । सोमबार भएको निर्वाचनमा महासचिव पदमा खगेन्द्र लामिछाने, सचिवमा युवराज गिरी निर्वाचित हुनुभएको छ । त्यसैगरी, कोषाध्यक्षमा रामप्रसाद रिजाल, उपाध्यक्ष पदमा ज्योतिराज राई निर्वाचित हुनुभयो भने रौनक विक्रम कँडेल निर्विरोध हुनुभयो ।

सङ्घको कार्यसमिति सदस्यहरूमा टङ्कबहादुर बुढाथोकी, श्रीधर पौडेल, मनोजकुमार अधिकारी, घनेन्द्र थपलिया, प्रवीण कार्की, चुम्बनजङ्ग शाही र राजकुमार पण्डित निर्विरोध छनोट हुनुभएको छ । *रासस*

# भक्तपुरमा थपिए १३ हजार ५७६ मतदाता

भक्तपुर, २ मङ्सिर । जिल्ला निर्वाचन कार्यालय भक्तपुरमा १३ हजार ५७६ मतदाता थपिएका छन् । निर्वाचन आयोगले गत असोज १० गतेदेखि १६ वर्ष पुगेका नेपाली नागरिकता प्राप्त व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गर्न आह्वान गरेपछि १८ वर्षदेखि २५ वर्ष उमेर समूहका दैनिक ७०० देखि एक हजार १०० जनासम्मले मतदाता नामावलीमा नाम दर्ता गराइरहेको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी भीमबहादुर बिसीले जानकारी दिनुभयो ।

उहाँले भक्तपुरमा यसपटक मतदाताको सङ्ख्या दुई लाख नाघेको जानकारी दिनुभयो । मतदाता नामावली सङ्कलन हरेक दिन बिहान ८ बजेदेखि सुरु भई साँझ ६ बजेसम्म जारी रहेको र सेवाग्राही बिहान ६ बजेदेखि नै लाइन बस्न आउने गरेको उहाँले बताउनुभयो । आयोगले मतदाता नामावली सङ्कलन यही महिनाको ५ गतेसम्मलाई कायम गरेको छ । *रासस*

# फरार कैदीबन्दी पक्राउ

काठमाडौँ, २ मङ्सिर । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले जिउ मास्ने बेच्ने र सुन भन्सार चोरी पैठारी मुद्दाका फरार कैदी पक्राउ गरेको छ ।

गत भदौ २४ गते आन्दोलनका क्रममा कारागार कार्यालय जगन्नाथदेवल सुन्धाराबाट फरार भएका धादिङ गजुरी-२ की गीता लामा र काठमाडौँका मङ्गलनारायण मोहन महर्जनलाई सोमबार पक्राउ गरिएको हो । लामा जिउ मास्ने बेच्ने मुद्दामा २२ वर्ष कैद सजाय कायम भई २०७६ मङ्सिर १९ गतेदेखि कारागार कार्यालय जगन्नाथदेवल महिला बन्दीगृह सुन्धारामा कैद भुक्तान गरिरहेकी थिइन् ।

यस्तै, सुन भन्सार चोरी पैठारी मुद्दामा एक वर्ष कैद र रु. एक करोड आठ लाख ३९ हजार ७४७ बराबरको जरिवाना कायम भएका महर्जनलाई पक्राउ गरिएको प्रहरी वरिष्ठ उपरीक्षक एवं प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । प्रहरीले लामालाई ललितपुर महानगरपालिका-३ धोबीघाटबाट र महर्जनलाई काठमाडौँ धोबीचौरबाट पक्राउ गरी कारागार कार्यालय जगन्नाथदेवलमा पेस गरिएको जनाएको छ । *रासस*



**रासायनिक मलका लागि लामबद्ध किसान**

कैलालीको टीकापुर नगरपालिका-७ स्थित सामुदायिक सहकारी संस्थाद्वारा वितरण गरिएको रासायनिक मल लिन मङ्गलबार लाइनमा बसेका भजनीका किसानहरू । मलका लागि बिहान सबेरैदेखि यहाँका किसान लाइनमा बसेका हुन् । *तस्बिर: झलनाथ खनाल/रासस*

# हिमपात र शीतलहरबाट ५० जिल्ला प्रभावित हुने अनुमान

काठमाडौँ, २ मङ्सिर । सरकारले हिउँदमा हिमाली तथा उच्च पहाडी र तराई/मधेसमा सम्भावित हिमपात र शीतलहरबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि बेग्लाबेग्लै राष्ट्रिय कार्ययोजना-२०८२ को मस्यौदा गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सरोकारवालासँगको छलफल र परामर्शपछि उक्त कार्ययोजनाको मस्यौदालाई अन्तिम रूप दिएको हो । केही समयअघि गृहमन्त्री ओमप्रकाश अर्यालले हिमपात र शीतलहरबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीका काम यथाशीघ्र गर्न प्राधिकरणलाई निर्देशन दिनुभएको थियो ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दिनेशप्रसाद भट्टले गृहमन्त्रीको अध्यक्षता रहेको कार्यकारी समितिबाट कार्ययोजना पारित गरेर कार्यान्वयमा लैजाने तयारी गरिएको बताउनुभयो ।

कार्ययोजनामा हिमपातबाट हिमाली तथा उच्च पहाडी २९ जिल्ला र हिमपातबाट तराई/मधेसका २१ जिल्ला प्रभावित हुनसक्ने अनुमान गरिएको छ । कार्ययोजनामा ती जिल्लामा विशेष सावधानी र हिमपात तथा शीतलहरबाट हुने सक्ने जोखिम न्यूनीकरण गर्न विशेष रणनीतिक कार्य समावेश गरिएको छ ।

सरकारले हिमपात र शीतलहरबाट हुन सक्ने सम्भावित क्षति तथा जनजीवनमा पर्ने असर न्यूनीकरण गर्ने उद्देश्यले पहिलोपटक राष्ट्रिय कार्ययोजना जारी गर्न लागेको हो । प्राधिकरणका अनुसार हिमाली तथा उच्च पहाडी जिल्लामा सामान्यतया मङ्सिरदेखि फागुनसम्म भारी हिमपात र तराई/मधेसका जिल्लामा शीतलहर प्रभाव हुने गरेको छ ।

कोसी, मधेस, गण्डकी, लुम्बनी र सुदूरपश्चिम प्रदेशका जिल्लाहरू शीतलहरबाट बढी प्रभावित हुने अनुमान गरिएको छ । कोसीका झापा, सुनसरी र मोरङ, मधेसका सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा, गण्डकीको नवलपरासी (बर्दघाट सुस्ता पूर्व), लुम्बिनीको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया तथा सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा शीतलहरको प्रभाव पर्ने अनुमान गरिएको छ ।

उदयपुर, मकवानपुर, सिन्धुली र सुर्खेतमा पनि शीतलहरको सामान्य प्रभाव पर्न सक्ने अनुमान छ ।

कार्ययोजना अनुसार हिमपातबाट कोसी, वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र उच्च पहाडी जिल्ला बढी प्रभावित हुने अनुमान छ । कोसीको ताप्लेजुङ, सङ्खुवासभा, ओखलढुङ्गा, सोलुखुम्बु, पाँचथर, तेह्रथुम र भोजपुरको माथिल्लो क्षेत्र बढी प्रभावित हुने आकलन गरिएको छ । यस्तै वाग्मती प्रदेशको दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा र धादिङ, गण्डकीको गोरखा, मनाङ, मुस्ताङ, बागलुङ र कास्की तथा लुम्बिनीको रुकुमपूर्वमा हिमपातको प्रभाव पर्ने जनाइएको छ ।

कर्णालीको डोल्पा, जुम्ला, मुगु, हुम्ला र कालीकोट तथा सुदूरपश्चिमको बाजुरा, बझाङ, दार्चुला, बैतडी र डडेलधुरा जिल्ला हिमपातबाट बढी प्रभावित हुने आकलन गरिएको छ ।

कार्ययोजनाको कार्यान्वयनसँगै विपन्न र ज्येष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्तिको जीवनयापनमा सहयोग पुग्ने कार्यकारी प्रमुख भट्टले बताउनुभयो । हिमपात र शीतलहरबाट जनजीवनमा पर्न सक्ने प्रभाव कम गर्न एवं प्रतिकार्यका लागि आवश्यक राहत सामग्रीको अग्रिम व्यवस्था गर्न कार्ययोजना तयार गरिएको हो ।

"यसै कार्ययोजनालाई आधार मान्दै हिमपातबाट प्रभावित हुने सबै जिल्ला, प्रदेश र स्थानीय तहबाट स्थानीय परिवेश अनुसारको कार्य योजना बनाई कार्यान्वयन गर्नसमेत सकिने छ," कार्यकारी प्रमुख भट्टले भन्नुभयो । कार्ययोजनाअनुरूप मङ्सिर १५ गतेभित्र हिमपातबाट प्रभावित हुनसक्ने क्षेत्र तथा लक्षित वर्गको पहिचान गरी तथ्याङ्क अद्यावधिक गरी लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने रणनीति तय गरिएको छ ।

मङ्सिर महिनाभर हिमपातका कारण उत्पन्न हुन सक्ने विपद् प्रतिकार्यका लागि पूर्वतयारी तथा पूर्वानुमानअनुसार क्षति न्यूनीकरण गर्ने र पूर्वानुमान तथा पूर्वसूचनासम्बन्धी संयन्त्रलाई क्रियाशील बनाई समयमा सम्बन्धित समुदायमा सूचनाको पहुँच दिलाउने रणनीति कार्ययोजनामा उल्लेख छ । *रासस*

# सुदूरपश्चिममा धान उत्पादन : क्षेत्रफल घट्यो, उत्पादकत्व वृद्धि

दोधारा चाँदनी (कञ्चनपुर), २ मङ्सिर । सुदूरपश्चिम प्रदेशमा पछिल्ला वर्षहरूमा क्षेत्रफल घटे पनि उत्पादकत्वमा वृद्धि भएको छ । खेती गर्ने तरिका सुधार गरी किसान व्यावसायिक बन्न थालेपछि क्षेत्रफल घटे पनि उत्पादनमा वृद्धि भएको हो । कृषि विकास निर्देशनालय सुदूरपश्चिमको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशमा एक लाख ८३ हजार ३१७ क्षेत्रफल हेक्टरमा धानखेती गरिएकामा छ लाख ४८ हजार ९२४ मेट्रिक टन धान उत्पादन भएको थियो । सो आर्थिक वर्षमा यो प्रदेशमा धानको उत्पादकत्व तीन दशमलव ५४ रहेको थियो ।

त्यसैगरी, एक लाख ४४ हजार ५८२ हेक्टर क्षेत्रफलमा गहुँखेती गरिएकामा तीन लाख ३१ हजार ९२ मेट्रिक टन गहुँ उत्पादन भएको थियो । सो आवमा गहुँको उत्पादकत्व दुई दशमलव २९ रहेको थियो । ५० हजार ६०७ हेक्टर क्षेत्रफलमा मकैखेती हुँदा एक लाख चार हजार २५० मेट्रिक टन उत्पादन भएको थियो भने दुई दशमलव ०६ उत्पादकत्व थियो । सत्र हजार ११२ हेक्टरमा उत्पादन भएको कोदोको उत्पादकत्व एक दशमलव १४ रहेको थियो ।

आव २०८०/८१ मा उत्पादन क्षेत्रफल घटे पनि उत्पादकत्व र उत्पादनमा वृद्धि भएको छ । उक्त आवमा धान उत्पादनको क्षेत्रफल चार हजार २४२ हेक्टर घटे पनि उत्पादन र उत्पादकत्व वृद्धि भएको छ । एक लाख ७९ हजार ४६ हेक्टरमा धानखेती हुँदा अघिल्लो वर्षको तुलनामा धान उत्पादन बढेर छ लाख ७२ हजार ९२८ मेट्रिक टन पुगेको छ । उत्पादकत्व तीन दशमलव ७६ छ । एक लाख ३९ हजार ७३२ हेक्टरमा उत्पादन भएको गहुँको उत्पादकत्व वृद्धि भएर दुई दशमलव ३५ पुग्दा तीन लाख २८ हजार ६९ मेट्रिक टन उत्पादन भएको छ ।

त्यसैगरी, ४९ हजार २५८ हेक्टरमा मकै उत्पादन हुँदा उत्पादकत्व दुई दशमलव १७ रहेको थियो । मकैको उत्पादन वृद्धि भएर एक लाख छ हजार ९९७ मेट्रिक टन पुगेको छ । हरेक वर्ष उत्पादनको क्षेत्रफल घट्दा पनि उत्पादनमा वृद्धि हुँदै गएको निर्देशनालयको तथ्याङ्क छ । आव २०८२/८३ मा धान उत्पादनको क्षेत्रफल घटेर एक लाख ७७ हजार २३० पुग्दा उत्पादकत्व बढेर तीन दशमलव ८८ पुगेको छ भने छ लाख ८६ हजार ८८७ मेट्रिक टन धान उत्पादन भएको छ ।

निर्देशनालयका सूचना अधिकारी केशवराज पाण्डेयले सुदूरपश्चिममा बाली उत्पादनमा वृद्धि हुँदै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुदूरपश्चिममा कैलाली र कञ्चनपुरमा धेरै उत्पादन हुन्छ । खेती गर्ने तरिकामा सुधार र उन्नत जातको बीउका कारण हरेक वर्ष उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हो ।" पछिल्लो समयमा सरकारले किसानहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको बीउ दिँदै आएको छ । यसबाहेक किसानहरूले प्राङ्गारिक मलको प्रयोग, सिँचाइको उपलब्धता र सरकारी अनुदान र प्राविधिक सहयोगले उत्पादनमा वृद्धि भएको कृषि अधिकृतहरू बताउँछन् ।

सूचना अधिकारी पाण्डेयले भन्नुभयो, "उन्नत जातको बीउले १० देखि १५ प्रतिशतसम्म उत्पादन बढाउँछ । खेती गर्ने तरिकाले पनि उत्पादनमा फरक पार्छ ।" निर्देशनालयका अनुसार सुदूरपश्चिमका अन्य जिल्लाको तुलनामा कैलाली र कञ्चनपुरमा धानको उत्पादकत्व बढी छ । कञ्चनपुरमा चार दशमलव छ र कैलालीमा चार दशमलव पाँच प्रतिहेक्टर उत्पादकत्व रहेको छ ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी धर्मबहादुर साउदले उन्नत जातको बीउबिजन र सिँचाइ सुविधाका कारण उत्पादनमा वृद्धि भएको बताउनुभयो । ज्ञान केन्द्रले किसानलाई अनुदानमा सिँचाइ सुविधा उपलब्ध नभएको ठाउँमा साना सिँचाइ जडानसमेत गर्ने गरेको उहाँले बताउनुभयो । गत वर्ष ज्ञान केन्द्रले यहाँका नौवटा स्थानीय तहमा सात सय ७६ साना सिँचाइ (ट्युबेल) जडान गरेको थियो । उहाँले भन्नुभयो, "हामीले किसानलाई ५० प्रतिशत अनुदानमा बीउबिजन र सिँचाइ सुविधा उपलब्ध गराउँदै आएका छौँ । जसका कारण यहाँ धान उत्पादनमा वृद्धि हुँदै गएको छ ।" उहाँका अनुसार कञ्चनपुरमा ३९ हजार ६५० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध हुँदै आएको छ ।

कञ्चनपुरमा हाल साना सिँचाइबाहेक महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध छ । सुदूरपश्चिमको कैलाली र कञ्चनपुरलाई अन्न भण्डारका रूपमा चिनिन्छ । यहाँको उत्पादनले सुदूरका पहाडी जिल्लामा समेत खाद्य आपूर्ति हुने गरेको छ । *रासस*

। सम्पादकीय ।

# युवाहरू सिद्धान्तनिष्ठ हुनुपर्छ

नेपालमै युवाहरूलाई स्वरोजगारको व्यवस्था गर्न स्रोत र साधन मिलेको स्थानमा उद्योगधन्दाहरू खोल्नुपर्छ । नेपालमा उद्योग खोलेर आधारभूत आवश्यकता पूर्ति गर्न नसकेको कारण युवाहरू विदेसिन बाध्य भएका हुन् । सरकारले देशभरि नै सन्तुलित विकास गरेको भए या स्थानीय तहमा देशको ५० प्रतिशत बजेट छुट्याएको भए गाउँ-गाउँबाटै विकास हुन्छ र रोजीरोटीको व्यवस्था हुन्छ । देशमा उद्योगधन्दा खोलेर युवाहरूलाई रोजगारको व्यवस्था गर्नुभन्दा सरकारले युवाहरूलाई विदेसिन बाध्य पारेको छ । सरकारले ११० देशलाई संस्थागत रूपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ । व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपाली कामदारहरू वैदेशिक रोजगारमा गइरहेका छन् । आर्थिक वर्ष २०७७/०७८ मा ४४ लाख ३३ हजार ८१२ जना कामदार वैदेशिक रोजगारमा गएको तथ्याङ्क छ । भारतको तथ्याङ्क जोड्यो भने ८० लाखभन्दा बढी युवाहरू बाहिरिएको आकलन गरिएको छ । यो वर्गमा साहस, सिर्जनशील, उच्च आत्मविश्वास, काम गर्न सक्ने तत्परता भएको हुँदा उनीहरूलाई राज्यले राष्ट्र निर्माणको सहभागितामा प्रयोग गर्नुपर्ने हो । उनीहरूलाई राज्यले मानवीय पुँजीको रूपमा परिचालन गर्नुपर्छ ।

विदेसिएका युवालाई स्वदेशमा फिर्ता गर्नु आवश्यक छ । युवालाई स्वदेशमा फिर्ता गर्न उनीहरूको योग्यता, क्षमता, दक्षता र सीपको आधारमा यहाँ काम दिनुपर्छ । युवा-विद्यार्थीलाई जहिल्यै विदेश पुऱ्याएर, देशको दक्ष जनशक्ति बाहिरिएर आफ्नो देश कसरी बन्छ ? के सत्तासीन दलका नेताहरूले आफ्नो देश बनाउनेतर्फ सोच्नुपर्दैन ? युवाहरू जागरुक र अन्धविश्वासविरोधी हुने हुँदा समाज परिवर्तनको निम्ति अति आवश्यक हुन्छ । समाजको निम्ति योगदान गरिएन भने, समाजमा व्याप्त अन्धविश्वास हताएर जनतालाई सचेत र सङ्गठित गरिएन भने समाज परिवर्तन सम्भव छैन । समाज परिवर्तन गर्न र गराउन युवाहरूमा सेवा भाव हुनुपर्छ । जनतामाझ पुगेर जनताको दुःख सुख बुझ्नुपर्छ । व्यक्तित्व विकास गर्न अध्ययन गर्ने, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश र देशको आवश्यकताबारे बुझेर जनतामाझ पुग्ने, जनताको सेवा गरेर विश्वास जित्ने काम गर्नुपर्छ । साहित्यिक काममा संलग्न हुने, नयाँ नयाँ पुस्तकको अध्ययन गर्ने, अध्ययन गरेको कुरा जनतामाझ पुऱ्याउने काम युवाको पनि हो । परिवर्तन गर्न चाहने कार्यकर्ता कहिले पनि पछि हट्नु हुँदैन; अल्छी त झनै हुनु हुँदैन । तर, युवाहरू दृष्टिकोण, लक्ष्य र उद्देश्यबिना अघि बढ्नु हुँदैन; बढेमा उद्देश्य सफल हुँदैन, सफल भए पनि त्यो क्षणिक हुनेछ ।

सुन्दर, शान्त देश नेपाल उर्वर भूमि हो । यहाँ निरन्तर पानी बगिरहने हिमाल छ; खेतीयोग्य समथर जमिन छ । यहाँ ऐतिहासिक, पुरातात्त्विक स्थलहरू छन् । अर्थात् पर्यटन स्थलहरू धेरै छन् । उखु खेती, चिया खेती छ । सिमेन्ट कारखानाको लागि आवश्यक चुनको डाँडाकाँडा छ । जडीबुटीको भण्डार छ । घर निर्माणको लागि बाटो, चोक र घरको लागि आवश्यक ढुङ्गा खानीहरू छन् । फलाम खानीहरू छन् । हालै मात्र ग्यास खानी पत्ता लाग्यो । उक्त ग्यास रासायनिक मल कारखानाको निम्ति प्रयोग हुनसक्ने अनुसन्धाताहरू बताउँछन् । जडीबुटी नेपालीको निम्ति उपयुक्त र भरपर्दो औषधि हो । हिमालबाट शुद्ध खानेपानी बगेको छ । सिँचाइको निम्ति प्रयोग भएको छ । तराई अन्नको भण्डार भनिन्छ । पहाड र उपत्यका फलफूल, तरकारी र वस्तुपालनको केन्द्र बनेको छ । तराई उद्योगको केन्द्र बनेको छ । उपत्यका सम्पदा र सांस्कृतिक थलो रहेको छ । खानीको खोजीनीति गर्ने, उद्योग खोल्ने, भएका स्रोत र साधन परिचालन गर्ने, उत्पादित वस्तु देशभर फैलाउने काम भएमा देश विकास गर्न सकिन्छ; जनताको जीवनस्तर उकास्न सकिन्छ । यस कार्यमा सरकार, राजनीतिक दल, नागरिक समाज, सेना, प्रहरी, कर्मचारी, विभिन्न पेसामा आबद्ध व्यक्ति, साहित्यकार आदिको सहयोग उत्तिकै आवश्यक छ ।

युवाहरू जोसिला, आँटिला हुन्छन्; परिवर्तन चाहन्छन् भनेर सिद्धान्त र विचारबाट विचलित हुनु या त्यसमा आबद्ध नहुनु ठीक होइन । देशलाई कहाँ कहिले पुऱ्याउने भन्ने कुरा युवाहरूको जोश र जाँगरले निर्धारण गर्दैन । सिद्धान्त र विचारले नभिजेका युवाहरूको आक्रोश र आन्दोलन बलिदानमा टुङ्गिन्छ । उनीहरूमा आन्दोलन कहाँसम्म पुऱ्याउने र आन्दोलन सफल भएमा के गर्ने भन्ने कुरा निश्चित हुँदैन । यसले आन्दोलनकारीहरू नै अन्योलमा पर्छन् । सिद्धान्त र नेतृत्वबिनाको आन्दोलनकारीहरूले कसरी देशमा दिशा निश्चित गर्लान् ?

# अमेरिकाको प्रतिकारका लागि तयार छ भेनेजुयला ?

✍ एलिजाबेथ मेलिमोपोलोस



भेनेजुयलाले गत मङ्गलबार आफ्नो तटीय क्षेत्रमा बढ्दो अमेरिकी नौसेनाको उपस्थितिको प्रतिक्रियामा ठुलो देशव्यापी सैन्य तैनाथीको घोषणा गऱ्यो । बिहीबार नै अमेरिकाले 'साउर्दन स्पियर' नामक सैन्य अप्रेसनको घोषणा गरेको छ । अमेरिकाले आफ्नो सैन्य वृद्धिलाई पश्चिमी गोलार्द्धका 'लागुऔषध-आतङ्कवादी' प्रति लक्षित रहेको बताएको छ । तर, यसले भेनेजुयलाको काराकसमा भने चिन्ता बढाएको छ । अमेरिकी अभियानको पछाडि राष्ट्रपति निकोलस मादुरोलाई सत्ताबाट हटाउने मूल उद्देश्य रहेको भेनेजुयलाको बुझाइ देखिन्छ । यदि अमेरिकाले आक्रमण गरिहाले भेनेजुयला प्रतिरोधका लागि कत्तिको तयार छ त ?

ट्रम्प प्रशासनले क्यारिबियन क्षेत्रमा अमेरिकाभित्र लागुऔषध तस्करी गर्ने डुङ्गाहरूमा एकपछि अर्को आक्रमण गरेको छ । गत साता यस आक्रमण शृङ्खलामा २० औँ हमला गरेको अमेरिकी अधिकारीले बताएका छन् । आक्रमणमा हालसम्म ८० जनाको मृत्यु भइसकेको छ । वासिङ्टनले लागुपदार्थ ओसारपसार गर्ने कार्टेलसँग मिलेर भेनेजुयलाका मदुरोले अमेरिकामा लागुपदार्थको तस्करी गरिरहेको भन्ने अप्रमाणित आरोप लगाइरहेको छ । हवाई आक्रमणका अतिरिक्त अमेरिकाले भेनेजुयलानजिकको समुद्रमा ठुलो सैन्य तैनाथी बढाउँदै लगेको छ ।

पछिल्लो समय अमेरिकाले विश्वकै सबैभन्दा उन्नत र ठुलोमध्ये एक युद्धपोत 'यूएसएस जेराल्ड आर फोर्ड' लाई क्यारिबियन पठाएको छ । 'सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडिज (सिएसआइएस)'मा रक्षा तथा सुरक्षा कार्यक्रमका वरिष्ठ सल्लाहकार मार्क क्यान्सियनका अनुसार यो युद्धपोत वासिंटनले भनेको लागुऔषध तस्करी नियन्त्रण गर्ने घोषित उद्देश्यका लागि उपयोग हुँदैन । बरु, 'फोर्ड युद्धपोत लागुपदार्थविरोधी अप्रेसनका लागि भन्दा समुद्रमा वा जमिनमा विरोधीमाथि आक्रमण गर्न उपयोग हुन्छ,' क्यान्सियनले भने ।

**भेनेजुयलाको तयारी**

भेनेजुयलाले क्यारेबियनमा अमेरिकी उपस्थिति बढ्न थालेपछि सेप्टेम्बरमै 'इन्डिपेन्डेन्स प्लान २००' नामक सैन्य प्रतिक्रिया संयन्त्र सुरु गरेको थियो । मङ्गलबार रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले 'इन्डिपेन्डेन्स प्लान २००' अन्तर्गतको 'अन्तिम चरण' सक्रिय गरिएको घोषणा गरे । 'यसअन्तर्गत सैन्य अभ्यासका लागि देशभर लगभग दुई लाख सेना तैनाथ गरिएका छन्,' पाद्रिनो लोपेजले थपे । अभ्यास मङ्गलबार सुरु भएर बुधबार समाप्त हुने समयतालिका छ । 'साम्राज्यवादी आक्रामकता' र वासिङ्टनको 'विश्वको मालिक' वा 'विश्व प्रहरी' बन्ने प्रयासविरुद्ध पछिल्लो परिचालन गरिएको बताउँदै लोपेजले भेनेजुयला आफ्नो स्वतन्त्रता, स्वधीनता र सार्वभौमिकताप्रति प्रतिबद्ध रहेकोमा जोड दिए । अमेरिकाले गुप्त रूपमा मादुरो शासनविरुद्ध भेनेजुयलाको सैन्य संयन्त्रमा विभाजन निम्त्याउने प्रयास गरिरहेको चर्चा छ ।

**भेनेजुयाली सेना कति शक्तिशाली ?**

'ग्लोबल फायरपावर' ले तयार पारेको २०२५ सैन्य क्षमतासम्बन्धी वरीयतामा भेनेजुयला सैन्य क्षमताका हिसाबले विश्वका १६० देशमध्ये ५० औँ स्थानमा छ । ल्याटिन अमेरिकाभित्र भने यो सातौँ स्थानमा छ । ब्राजिल, मेक्सिको र अर्जेन्टिनाजस्ता क्षेत्रीय शक्ति ऊभन्दा अगाडि छन् भने कोलम्बिया, चिली र पेरु उसकै हाराहारीमा उभिएका छन् । यसै साता सिएसआइएसले जारी गरेको एक रिपोर्टअनुसार भेनेजुयलाको वायुसेना उति बलियो देखिँदैन । ऊसँग ४९ वटा सैन्य विमान भए पनि जम्मा ३० वटा मात्र काम गर्ने अवस्थामा रहेको विश्वास छ । त्यस्तै, प्रतिबन्धका कारण विगतमा अमेरिकासँग किनिएका एफ-१६ युद्धक विमानका पार्टपुर्जा फेर्न नसकिएकोले तीनवटा एफ-१६ मात्र काम गर्ने अवस्थामा रहेको मानिन्छ ।

पछिल्लो समय भेनेजुयलाले ठुलो परिमाणमा रुसी हतियार प्रणाली खरिद गरिरहेको छ । यसअन्तर्गत अर्बौं डलरको रुसी मिसाइल र लडाकु जेट किनिएका छन् । यी खरिदपछि भेनेजुयलासँग कम्तीमा २१ वटा रुसी एसयू-३० एस आइपुगेका छन् । सन् १९८० को दशकमा विकसित यो रुसी लडाकु विमानले 'सुपरसोनिक' जहाजमाथि आक्रमण गर्नसक्ने मिसाइल बोक्न सक्छन् । यसले भेनेजुयलानजिकै सञ्चालन हुने नौसेना युद्धपोतका लागि खतरा निम्त्याउन सक्छ । त्यसैले, द्वन्द्वको स्थितिमा भेनेजुयलाका लडाकु विमान सम्भवतः अमेरिकाको पहिलो निसाना हुनेछ । अमेरिकाले यस क्षेत्रमा उन्नत एफ-३५ स्टिल्थ लडाकु विमान तैनाथ गरिसकेको छ । खासमा तिनको तैनाथी सम्भवतः भेनेजुयलाका लडाकु विमान र त्यसको हवाई रक्षा प्रणाली सोचेर नै गरिएको हो । तथापि, जमिनमा भने समुद्रमा तैनाथ गरिएका सीमित अमेरिकी सेनाको तुलनामा भेनेजुयलाको सेनाको उल्लेखनीय रूपमा ठुलो उपस्थिति छ । 'ग्लोबल फायरपावर' का अनुसार ३.१ करोड जनसङ्ख्या भएको भेनेजुयलामा तीन लाख ३७ हजार सक्रिय सैन्य कर्मचारी छन्, जसमध्ये एक लाख नौ हजार सक्रिय सैन्य बल र दुई लाख २० हजार अर्धसैनिक बल हुन् । बाँकी आठ हजार भने रिजर्भ बल हो । तथापि, अन्य सबै कुरामा अमेरिका सैन्य रूपमा भेनेजुयलाभन्दा धेरै अगाडि छ ।

**अमेरिकी उद्देश्य रणनीतिक**

ट्रम्पले भेनेजुयलानजिक समुद्रमा सैन्य वृद्धिलाई अमेरिकामा लागुऔषधको प्रवाहलाई रोक्न आवश्यक रहेको भन्दै जायज ठहऱ्याउने प्रयास गरेका छन् । तर, धेरै विश्लेषक भने ट्रम्पको उद्देश्य लागुऔषध रोक्नेभन्दा वर्तमान सरकारलाई सत्ताच्युत गर्ने रहेको बताइरहेका छन् । भन्न त ट्रम्पले भेनेजुयलामाथि आक्रमण गर्ने योजना नरहेको बताएका छन् । भेनेजुयली राजनीतिकशास्त्री कार्लोस पिना पनि वासिङ्टनको रणनीति सैन्य आक्रमणभन्दा पनि राजनीतिक दबाब सिर्जना गर्ने रहेकोमा विश्वास गर्छन् ।

'अमेरिकाको मुख्य विकल्प सशस्त्र आक्रमण गर्नेभन्दा निकोलस मादुरोलाई राजीनामा दिन र शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्न पर्याप्त दबाब दिनु हो । अमेरिकाको हकमा यही नै सबैभन्दा उपयुक्त विकल्प पनि हो,' पिनाले भने । पिनाका अनुसार मादुरो पनि यस रणनीतिबारे पूर्ण जानकार छन् । 'मादुरोलाई यो थाहा भएकैले कुनै पनि सम्भावित हस्तक्षेपको मूल्य ठुलो बनाउने प्रयास गरिरहेका छन्,' पिनाले भने । अमेरिकी आक्रमणको ल्याटिन अमेरिका र देशभित्रै पनि विरोध हुनेछ भन्नेमा उनी विश्वस्त देखिन्छन् । अमेरिकी तैनाथी बढ्दै जाँदा वासिङ्टनमै पनि राजनीतिक दबाब बढ्न सक्छ । क्यारेबियन क्षेत्रमा यति धेरै सैन्य उपकरण पठाएपछि ट्रम्पलाई पनि कुनै उपलब्धि नदेखाई पछि हट्न गाऱ्हो भएको छ । 'ट्रम्पमाथि सम्भवतः हार देखिनबाट बच्न केही गर्नैपर्ने दबाब छ । त्यसैले, उनी काराकासमा राजनीतिक परिवर्तनलाई दबाब बढाउन सम्भवतः अमेरिकी सैन्य उपस्थिति बढाइरहनेछन्,' पिनाले भने ।

*- अलजजिराबाट*



# जारशाही संसद्मा बोल्शेभिक सांसद – १५

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए। उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए। सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो। यसलाई चौथो ड्युमा/संसद् भनिन्छ। बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने। बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो। युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए। त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो। क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो। पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma)। यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा। यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो। अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ। सम्पादक)*




गुप्त प्रहरीले सबैभन्दा महत्त्वपूर्ण सूचना एजेन्ट (प्रोभोकेटर) वा घुसपैठियाबाट पाउँथ्यो। सुराकीहरूले घेरिएका छौँ भन्ने हामीलाई थाहा थियो। ती सुराकीलाई ठम्याउन असाध्यै गाह्रो थियो। त्यसकारण, कडा गोप्यता अपनाइन्थ्यो। माथिदेखि तलसम्म षड्यन्त्रपूर्ण परिपाटीजस्तो हुन्थ्यो।

षड्यन्त्रपूर्ण परिपाटीमा कहीँ तलमाथि भयो कि अनेक आशङ्का उब्जिहाल्थ्यो। कतै प्रहरीले चलखेल गरेन भनी हामी सतर्क भइहाल्थ्यौँ। म एउटा यस्तै घटना सम्झिन्छु। पुतिलोभ कारखानामा काम गर्ने किसेल्योभ नामका पार्टी सदस्यले मलाई हुलाकमार्फत पत्र पठाए। त्यसमा उनको गुप्त नाम उल्लेख थिएन। यसले गर्दा म निकै सशंकित भएँ। पत्र लेख्ने व्यक्ति गुप्त प्रहरीको मान्छे त होइन भन्ने शङ्का जाग्यो। मैले यो कुरा सेन्ट पिटर्सबर्ग समिति र संसदीय समितिलाई जनाइदिएँ। किसेल्योभलाई नजिकबाट नियाल्ने र उनीसँगको सम्बन्धमा सावधानी अपनाउने निधो भयो। पछि हाम्रो आशङ्का सही ठहरियो। किसेल्योभ गुप्त प्रहरीका घुसपैठिया रहेछन्।

प्रहरीका यस्ता दलाल जहिल्यै हाम्रो नजरमा पर्दैनथे। कहिलेकाहीँ बित्यास परिसकेपछि मात्र हामी तिनलाई चिन्थ्यौँ। किनभने, उनीहरू पनि कडा गोप्यता राख्थे र निकै चनाखो रहन्थे। तैपनि के कुरा ठोकेर भन्न सकिन्छ भने जारशाही प्रहरी जतिसुकै सङ्गठित र जति नै सुसूचित भए पनि पार्टी सङ्गठनसँगको हाम्रो सम्बन्ध गुप्त थियो। खासगरी केन्द्रीय समितिसँगको सम्बन्धलाई षड्यन्त्रको प्रभावकारी उपाय लगाएर हामीले गुपचुप राखेका थियौँ।

तेस्रो व्यक्तिबाट गरिने पत्राचार र सम्पर्कमा हाम्रो कार्य योजनाको केस्राकेस्रा छलफल गर्न सकिँदैनथ्यो। सदनभित्र र बाहिरका हाम्रा क्रियाकलापबारे पनि यसरी पूरै कुराकानी हुन सक्दैनथ्यो। मजदुर सांसदहरूको अनुभव र धारणा बुझ्नका लागि अझ प्रत्यक्ष सम्पर्क जरुरी थियो। रुसमा यिनै सांसदवरिपरि पार्टी गतिविधि केन्द्रित थियो। यसको लागि अवैध रूपमा नियमित पार्टी सम्मेलन गरे झन् बढी अप्ठ्यारो आइलाग्न सक्थ्यो।

मैले अघि नै भनिसकेँ, सदन सुरु हुनुभन्दा अगाडि नै पार्टीको केन्द्रीय समिति र बोल्शेभिक सांसदहरूबिच विदेशमा सम्मेलन गर्ने कुरा उठेको थियो। सो सम्मेलनमा हाम्रो समूहले सदनमा गर्ने समग्र गतिविधिको आधारभूत खाका तय गर्नुपर्छ भन्ने थियो। तर, सम्मेलन गरेपछि यसले अलि ठुलो दायरा ओगट्ने भयो। मजदुरहरूबिच नयाँ चरणको क्रान्तिकारी उभार ल्याउन बोल्शेभिकहरूले पूरा गर्नुपर्ने अभिभारा र सामाजिक जनवादी पार्टीभित्र त्यसले ल्याउने परिणामबारे छलफल गर्नु पनि उत्तिकै महत्त्वपूर्ण थियो। सम्मेलनमा भएको विचार विमर्श र निर्णयले गर्दा हाम्रो पार्टी तथा क्रान्तिकारी सङ्घर्षको इतिहासमै यसले अलग्गै स्थान लियो।

सम्मेलन क्राको सहरको गालिसियामा हुने भयो। क्रिसमस पर्वका लागि संसद् स्थगित हुने बेला नै सम्मेलन डाकियो। म्याक्सवेलको उद्योगमा भइरहेको हडताल र तालाबन्दीका कारण बोल्शेभिक सांसदहरूले एकैबाजि पिटर्सबर्ग छोड्न सक्दैनथे। हडतालीहरूको निम्ति राहत कोष जुटाएर सबै मजदुर सङ्गठनलाई आपसमा सरसहयोग गर्न परिचालित गरेपछि मात्र हामी क्राको जान सक्थ्यौँ।

सन् १९१२ डिसेम्बर २८ देखि १९१३ जनवरी १ सम्म क्राको सम्मेलन भयो। अरूको आँखा छल्न यसलाई फेब्रअरी सम्मेलन भनियो। पार्टी साहित्य र छापा माध्यममा पनि त्यसरी नै प्रचार गरियो। सम्मेलनको अध्यक्षता लेनिनले ग्रहण गर्नुभएको थियो। बोल्शेभिक सांसदहरूबाहेक सम्मेलनमा नादेज्दा कोन्स्तान्तिनोभ्ना क्रुप्सकाया, जी जिनोभिएभ, ए त्रोयानोभ्स्की, भ्यालेन्तिना निकालायेभ्ना लोबोभा, ई रोजमिरोभिच र अन्य केही नेताका साथै ठुला मजदुर केन्द्रका प्रतिनिधिहरूको उपस्थिति थियो। सांसदहरूमध्ये पेत्रोभ्स्की, मालिनोभ्स्की, शागोभ र म थियौँ।

सन् १९१२ मा प्राग सम्मेलन भएको थियो। त्यस यता वर्षदिन बितिसकेको थियो। यो वर्ष क्रान्तिकारी आन्दोलन निकै सशक्त भएर आएको थियो। राजनीतिक र आर्थिक हडतालहरू बढ्दै थिए। मजदुर प्रेसको प्रचार र ऐक्यबद्धतामा ठुल्ठुला जुलुस प्रदर्शन भइरहेका थिए। यो एक वर्षमा पार्टीभित्र पनि ठुला खुड्किला पार गरिएको थियो। सामाजिक जनवादी पार्टीका दुई खेमामा तीखो मतभेद खाएको थियो। हामी बोल्शेभिक र मेन्शेभिक विध्वंसकारीहरूबिच सङ्घर्ष चर्केको थियो। मेन्शेभिकहरूका भाषण र लेख रचनामा क्रान्तिको बाटो छोड्ने प्रवृत्ति स्पष्ट देखिन्थ्यो। खासमा मेन्शेभिकहरूमा यही प्रवृत्तिले जरा गाडिसकेको थियो।

बोल्शेभिक र मेन्शेभिकबिचको विभाजन मजदुर आन्दोलनभरि व्याप्त भयो। सर्वत्र बोल्शेभिकहरूको क्रान्तिकारी नीतिले जरा गाड्दै थियो। संसद्को निर्वाचनमा हामी मजदुरहरूको निर्वाचन क्षेत्रमा निर्णायक रूपमा विजयी भयौँ। यसले पनि माथिकै कुरा साबित गऱ्यो; जनताबिच बोल्शेभिकहरूको प्रभाव बढ्दै छ भन्ने बतायो; क्रान्तिकारी सङ्घर्षमा मजदुरवर्गले बोल्शेभिक



मार्ग पछ्याउँदै छ भन्ने देखायो।

संसदीय समूहले काम थालेको पहिलो महिनाले मजदुर सांसदहरूले सही नीति अँगीकार गरिरहेको पुष्टि भयो। त्यति नै बेला मेन्शेभिकहरूले मजदुर सांसदहरूविरुद्ध जिद्दी सङ्घर्ष गरिरहेको र पछि पनि गर्ने प्रस्ट भयो। उनीहरू समूहमा बहुमत भएको डिङ हाँक्दै क्रान्तिकारी कार्यनीतिको विरोध गर्थे। मजदुरवर्गको हितका दृष्टिले मेन्शेभिकहरूले संसद्को सुरुमै धेरै गल्ती गरे। क्रान्तिकारी आन्दोलनका लागि ती गल्ती घातक थिए। त्यसकारण, तिनको निश्चय नै निन्दा गर्नुपर्थ्यो।

क्राको सम्मेलनमा यस्ता सवालमा छलफल गरियो। यी विषयको ठुलो क्रान्तिकारी महत्त्व थियो। सम्मेलनले पार्टीको भावी गतिविधिका लागि निर्देशन दिनुपर्थ्यो। धेरै दिनको मिहिनेतपछि केही निर्णयहरू लिइयो। ती निर्णयले हाम्रा धेरै व्यहारिक कठिनाइ हल गरे, रुसको राजनीतिक परिदृश्यको साङ्गोपाङ्गो चित्र देखाए र मजदुरवर्गको नीति तय गरे।


क्राको सम्मेलनले एकता अत्यन्त महत्त्वपूर्ण रहेको ठम्यायो। तर, त्यो एकता गुप्त र गैरकानुनी सङ्गठन बनाउनुपर्ने सर्तमा मात्र सम्भव थियो। पार्टीको पुनः एकताबारे सम्मेलनले यस्तो प्रस्ताव पारित गऱ्यो - "(एकता) तलैबाट अर्थात् तल्लो समिति, जिल्ला समूह आदिबाट आउनुपर्छ। गैरकानुनी सङ्गठनलाई स्वीकारिएको छ कि छैन ? क्रान्तिकारी सङ्घर्षलाई तदारुकता साथ समर्थन गरिएको छ कि छैन ? क्रान्तिकारी कार्यनीति अपनाइएको छ कि छैन ? यी तथ्य मजदुरहरू आफैले जाँच्नुपर्छ।" लेनिनले बारम्बार एकता 'तलैबाट' मात्र हुन सक्नेमा जोड दिनुभयो। उहाँले क्रान्तिकारी मार्क्सवादको विरोध गर्ने र त्यसलाई बङ्ग्याउनेहरूबाट नभई क्रान्तिकारी मजदुरहरूबाट मात्र एकता सम्भव हुन्छ भन्नुभयो।

पार्टीको प्रस्तावले पुनः एकपल्ट हामी र मेन्शेभिकहरूबिचको खाडलमा जोड दियो। मजदुरहरूलाई भाँड्ने विध्वंसकारीहरूको भ्रष्ट प्रभावविरुद्ध निरन्तर सङ्घर्ष गर्नुपर्ने आवश्यकतामाथि जोड दियो। अर्को प्रस्तावले भन्यो, "आजको समयमा गैरकानुनी पार्टी नै सबैभन्दा उपयुक्त सङ्गठन हो। त्यसको एउटा केन्द्र हुनुपर्छ र त्यसलाई कानुनी र अर्धकानुनी सङ्गठनहरूको सञ्जालले घेरेको हुनुपर्छ। गैरकानुनी केन्द्र स्थानीय स्तरमा मान्छेको दैनिक जीवनसँग घुलमिल भएको हुनुपर्छ।" कलकारखानाहरूमा गैरकानुनी पार्टी सङ्गठनहरू खोल्नुपर्ने र प्रत्येकको केन्द्रमा रहेर पार्टी समितिले नेतृत्व गर्नुपर्ने भनी पार्टीले आगामी कार्यदिशा तय गऱ्यो।

सम्मेलनले सेन्ट पिटर्सबर्गको सङ्गठनलाई उत्तम सङ्गठन भन्यो। सेन्ट पिटर्सबर्ग समितिका प्रतिनिधिलाई जिल्ला र सहयोगी सदस्यहरू निर्वाचित गर्थे। यसले गर्दा सङ्गठन निकै लचिलो थियो। यो पार्टीको केन्द्रसँग निकट रहन्थ्यो र गुप्त प्रहरीको आँखाबाट पनि लुकेको थियो। भेगीय केन्द्रहरूलाई व्यवस्थित पार्नुपर्ने र प्रतिनिधिमण्डलको माध्यमबाट एकातिर स्थानीय समूहहरूसँग र अर्कोतिर केन्द्रीय समितिसँग सम्पर्क कायम गर्नुपर्ने सुझाव पनि आयो। सङ्गठनबारे पारित प्रस्तावले सङ्गठनलाई तलदेखि माथिसम्म बलियो गरी बुन्यो।

सम्मेलनको एउटा महत्त्वपूर्ण प्रश्न हाम्रो संसदीय समूहको प्रतिवेदन थियो। हाम्रो समूहको कामबारे सावधान र मिहीन ढङ्गले छलफल गरियो। सदन खुलेको पहिलो महिना हाम्रो समूहले अनेक विषयमा विभिन्न महत्त्वपूर्ण निर्णय लिएको थियो। जागेल्लोलाई समूहमा लिइएको थियो, पार्टीको नीति उद्घोष गरिएको थियो र पहिलो प्रश्नोत्तरमा भाग लिइएको थियो। यी मुद्दाका आधारमा सम्मेलनले हाम्रो संसदीय समूहका क्रियाकलापलाई जाँच्यो। मेन्शेभिक बहुमतले गरेका गल्तीहरू पनि औँल्यायो :

१. निम्न विषयमा पार्टीको ध्यानाकृष्ट भएको छ - निर्वाचनमा सरकारले कहिल्यै नगरेको धरपकड र हस्तक्षेप गऱ्यो। धेरै जिल्लाहरूमा सङ्गठन रहेको कालासय उदारवादी गुटले सामाजिक जनवादीहरूविरुद्ध अभियान चलायो। तैपनि, रुसी सामाजिक जनवादी मजदुर पार्टीले चौथो संसद्को निर्वाचनमा ठुलो विजय हासिल गऱ्यो। दोस्रो नगर निर्वाचन क्षेत्रमा झन्डै सबैतिर सामाजिक जनवादीहरूले पहिलेभन्दा बढी मत प्राप्त गरे। उदारवादीका मतदाताले हामीलाई मत दिए। मजदुरहरूको निर्वाचन क्षेत्र हाम्रो पार्टीका लागि सबैभन्दा महत्त्वपूर्ण थियो। त्यहीँ हाम्रो पार्टीको अखण्डित पकड थियो। आफ्नो निर्वाचन क्षेत्रमा बोल्शेभिकहरूलाई मात्र सांसद चुनेर मजदुर वर्गले पुरानै रुसी सामाजिक जनवादी मजदुर पार्टी र यसको क्रान्तिकारी परम्पराप्रति आफ्नो अविचल बफादारी उद्घोष गरे।
२. यो सम्मेलन चौथो संसद्मा प्रश्नोत्तरमा भाग लिने र मूलतः पार्टीका आधारभूत सिद्धान्तलाई प्रस्टसँग उद्घोष गर्ने सामाजिक जनवादी सांसदहरूको ऊर्जाशील कार्यलाई स्वागत गर्छ।
३. पार्टी परम्पराअनुसार सदनमा सामाजिक जनवादी समूहको एकमात्र सही नीति त्यसलाई पार्टीको मातहतमा राख्नु हो। पार्टीलाई यसको केन्द्रीय समितिले प्रतिनिधित्व गर्छ। मजदुर वर्गलाई राजनीतिक शिक्षा दिन र सही पार्टी नीति बनाउनका निम्ति यो सम्मेलन संसदीय समूहका प्रत्येक पाइलालाई नियाल्नु र त्यसमा पार्टीको नियन्त्रण कायम गर्नु जरुरी देख्छ।




-क्रमश:

# संयुक्त राष्ट्र सुरक्षा परिषद्को निर्णायक कदम : ट्रम्पको गाजा योजना पारित, अन्तर्राष्ट्रिय बललाई अनुमति



न्युयोर्क, २ मङ्सिर (एएनआई/क्यूएनए)। संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित गाजा द्वन्द्व अन्त्य योजना तथा प्यालेस्टिनी क्षेत्र गाजामा अन्तर्राष्ट्रिय स्थिरीकरण बल तैनाथ गर्ने व्यवस्थालाई समर्थन गर्दै अमेरिकाले तयार पारेको प्रस्ताव पारित गरेको छ। परिषद्ले १३-० मतले प्रस्ताव अनुमोदन गरेको हो। परिषद्का स्थायी सदस्य चीन र रुस मतदानबाट अनुपस्थित रहेका थिए।

यो मतदान इजरायल र हमासले गत महिना ट्रम्पको २०-बुँदे योजना अन्तर्गतको प्रारम्भिक चरण–दुई वर्षदेखि जारी युद्धलाई रोक्ने युद्धविराम तथा इजरायली बन्धकहरूको रिहाइको सम्झौता–स्वीकार गरेपछि भएको हो। यस निर्णयलाई गाजामा प्रस्तावित सङ्क्रमणकालीन प्रशासनलाई अन्तर्राष्ट्रिय वैधता प्रदान गर्ने महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ, जसले स्थिरता मिशनमा सहभागी हुन चाहने राष्ट्रहरूलाई प्रोत्साहित गर्ने मानिएको छ।

प्रस्तावमा सहभागी राष्ट्रहरूले ट्रम्पको अध्यक्षतामा रहने 'शान्ति बोर्ड' मा भाग लिन सकिने व्यवस्था गरिएको छ। उक्त बोर्डलाई गाजाको पुनर्निर्माण तथा आर्थिक पुनरुत्थानका गतिविधि सञ्चालन गर्ने अस्थायी प्रशासनिक निकायका रूपमा परिभाषित गरिएको छ। साथै, अन्तर्राष्ट्रिय स्थिरीकरण बललाई (आइएसएफ) क्षेत्रको असैन्यीकरण, हतियार नष्ट गर्ने तथा सैन्य पूर्वाधार ध्वस्त पार्ने जिम्मेवारी औपचारिक रूपमा दिने अधिकार पनि प्रस्तावले प्रदान गर्दछ।

तर हमासले परिषद्को निर्णयलाई अस्वीकार गरेको छ। समूहले आफू निरस्त्रीकरण नहुने दृढता दोहोऱ्याउँदै इजरायलविरुद्धको आफ्नो सङ्घर्षलाई 'वैध प्रतिरोध' भनेको छ। हमासले यस प्रस्तावलाई 'गाजापट्टीमा अन्तर्राष्ट्रिय संरक्षकता थोपर्ने प्रयास' भनी आरोप लगाउँदै जनताले यसलाई अस्वीकार गर्ने दाबी गरेको छ।

संयुक्त राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत माइक वाल्ट्जले परिषद्को बैठकमा प्रस्तावलाई 'प्यालेस्टिनी आत्मनिर्णयतर्फ सम्भावित मार्गचित्र' को रूपमा व्याख्या गर्नुभयो। उहाँले यसले 'हमासको नियन्त्रण तोड्ने' र गाजालाई आतङ्क र भयमुक्त, समृद्ध तथा सुरक्षित बनाउने आधार तयार गर्ने बताउनुभयो।

दोस्रोतर्फ, स्थायी सदस्य रूसले यसअघि सम्भावित भिटोको सङ्केत गरे पनि अन्ततः मतदानमा भाग नलिएपछि प्रस्ताव पास हुन सक्षम भयो। रूस र चीन दुवैले गाजाको भविष्य निर्धारणमा संयुक्त राष्ट्रसङ्घको भूमिकालाई सीमित गर्ने अमेरिकी दृष्टिकोणको आलोचना गरे। रूसी प्रतिनिधि भासिली नेबेन्ज्याले परिषद्ले 'वासिङ्टनको प्रतिज्ञासहित गाजामा शान्ति बोर्ड र आइएसएफलाई पूर्ण अधिकार दिएको' टिप्पणी गर्दै यसका 'विधि र उद्देश्यबारे अस्पष्टता' रहेको बताउनुभयो।

प्यालेस्टिनी प्राधिकरणले भने प्रस्तावको स्वागत गर्दै यसलाई कार्यान्वयनमा सहयोग गर्न तयार रहेको जनाएको छ। कूटनीतिज्ञहरूका अनुसार रूसी भिटो रोक्न प्राधिकरणको समर्थन निर्णायक रहेको थियो।

प्रस्तावले इजरायलभित्र भने असहजता बढाएको छ, किनकि यसको पाठले दीर्घकालीन रूपमा प्यालेस्टिनी राज्यको सम्भावना सङ्केत गर्दछ। यसमा प्यालेस्टिनी प्राधिकरणले सुधार लागु गरेपछि तथा गाजाको पुनर्निर्माणमा पर्याप्त प्रगति भएपछि 'प्यालेस्टिनी आत्मनिर्णय तथा राज्य स्थापनातर्फ विश्वसनीय मार्ग' बन्न सक्छ भन्ने उल्लेख गरिएको छ। साथै, संयुक्त राज्य अमेरिकाले इजरायल र प्यालेस्टिनीबिच 'शान्तिपूर्ण सहअस्तित्वका लागि राजनीतिक क्षितिजमा सहमति खोज्ने संवाद' स्थापना गर्ने उल्लेखसमेत गरिएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने आफ्ना दक्षिणपन्थी गठबन्धन साझेदारहरूको दबावबिच प्यालेस्टिनी राज्यको समर्थन अस्वीकार गर्दै गाजालाई 'सजिलो वा कठिन कुनै पनि मार्गबाट पूर्ण विमुद्रीकरण गर्ने' प्रतिबद्धता व्यक्त गरेका छन्।

**प्यालेस्टाइनद्वारा संयुक्त राष्ट्रसङ्घको प्रस्तावलाई स्वागत गर्दै तत्काल कार्यान्वयनका लागि आह्वान**

यसैबिच रामल्लास्थित प्यलेस्टिनी प्राधिकरण (सरकार)ले गाजा पट्टीका लागि अमेरिकाले तयार पारी संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले स्वीकृत गरेको प्रस्तावलाई स्वागत गरेको छ। जसले स्थायी युद्धविरामको पुष्टि गर्दै सहायताको निर्बाध प्रवेश र वितरण सम्भव बनाई प्यालेस्टिनी जनताको अधिकारलाई समर्थन गर्दछ।

प्यालेस्टाइनले गाजापट्टीमा सामान्य जीवन पुनर्स्थापना गर्ने, गाजाबासीको सुरक्षा सुनिश्चित गर्ने, विस्थापन रोक्ने, इजरायली कब्जा बलहरूको पूर्ण फिर्ती सुनिश्चित गर्ने, पुन निर्माण गर्ने कार्यको आवश्यकतामा जोड दिएको छ।

प्यालेस्टाइनले अमेरिकी प्रशासन, सुरक्षा परिषद्का सदस्यहरू, अरब र इस्लामिक देशहरू, युरोपेली सङ्घ र यसका सदस्य राष्ट्र संयुक्त राष्ट्र सङ्घलगायत न्युयोर्क घोषणाका साझेदारहरूसँग सहकार्य गर्न तयार रहेको पुष्टि गरेको छ। जसले गाजापट्टी, वेस्ट ब्याङ्क र पूर्वी जेरुसेलममा प्यालेस्टिनी जनताको पीडा अन्त्य गर्न मद्दत गर्ने र शान्ति र सुरक्षा प्राप्त गर्ने विश्वसनीय राजनीतिक प्रक्रियाको लागि मार्गप्रशस्त गर्ने छ।

प्यालेस्टाइनले गाजापट्टीमा आफ्नो पूर्ण जिम्मेवारी ग्रहण गर्न तयार रहेको जनाउँदै पट्टी प्यालेस्टाइन राज्यको अभिन्न अङ्ग भएको पुष्टि गरेको छ।

प्यालेस्टाइनले शान्ति, स्थिरता र सुरक्षालाई बढावा दिई प्यालेस्टिनीको स्वतन्त्रता र आत्म रक्षाको लागि मिलेर काम गर्ने इच्छा व्यक्त गर्ने र सहयोग गर्ने सबै देशहरूको प्रशंसा गरेको छ।

# कोलम्बियामा सैनिक कारबाहीका बिच अपहरणमा परेका १५ बालबालिकाको मृत्यु

बोगोटा, २ मङ्सिर (एएफपी)। कोलम्बियाको सेनाले अगस्ट महिनादेखि गुरिल्ला लडाकूहरूलाई लक्षित गरी सञ्चालन गरिएको सैन्य कारबाहीका क्रममा १५ जना अपहरणमा परेका बालबालिकाहरूको ज्यान गएको अधिकारीहरूले सोमबार पुष्टि गरेका छन्। यसै सशस्त्र समूहद्वारा जबरजस्ती अपहरणमा पारिएका ती नाबालिगहरू सेनाको कारबाहीमा गोलीको सिकार भएको बताइएको छ।

राष्ट्रपति गुस्ताभो पेट्रोले हालैका दुई सैन्य बम आक्रमणमा पाँच बालबालिकाको मृत्यु भएको प्रारम्भिक जानकारी सार्वजनिक गर्नुभएको थियो। कोलम्बियाको मानव अधिकार लोकपालको कार्यालयले सो सङ्ख्यामा सातसम्मको थप पुष्टि गरेको छ। ती बालबालिकाहरूको उमेर सार्वजनिक गरिएको छैन।

यसैबिच, कोलम्बियाको नेसनल इन्स्टिच्युट अफ लिगल मेडिसिन एन्ड फरेन्सिक साइन्सेजले सोमबार नै अगस्ट २४ मा दक्षिण-मध्य ग्वाभियर विभागमा भएको एक सैन्य आक्रमणका क्रममा तीन नाबालिगको मृत्यु भएको विवरण सार्वजनिक गरेको छ।

सेना र अभियोजकहरूले अक्टोबर १० मा १९ गुरिल्ला सदस्य र सात बालबालिकाको ज्यान जाने गरी भएको आक्रमणबारे संयुक्त छानबिन सुरु गरेको जानकारी दिएपछि राष्ट्रपति पेट्रोले सामाजिक सञ्जाल एक्समार्फत लेख्दै भन्नुभयो, "सबै नाबालिगहरू अपराधी समूहहरूद्वारा जबरजस्ती भर्ती गरिएका थिए, जसले उनीहरूलाई सीधै वैमनस्य र युद्धको मैदानमा धकेलेको थियो।"

कोलम्बियामा रहेको संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयले अपहरणमा परेका बालबालिकाहरूको सुरक्षाका लागि सेना तथा सुरक्षाकर्मीहरूले सकेसम्म सबै उपाय अपनाउनुपर्नेमा जोड दिँदै नाबालिगहरूको मृत्यु भएको घटनाप्रति 'गहिरो चिन्ता' व्यक्त गरेको छ। रिपोर्टहरूअनुसार कोलम्बियामा औसतमा प्रत्येक दुई दिनमा एक नाबालिगलाई छापामार समूहहरूले अपहरण गरी लडाकूका रूपमा तालिम दिने गरेका छन्।

राष्ट्रपति पेट्रोले सैनिकहरूको ज्यान जोगाउनका लागि आक्रमणको आदेश दिइएको बताउनुभएको छ। उहाँले बालबालिकाहरूको 'दुःखद क्षति' प्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ र 'मैले यो पीडा आफ्नै अन्तस्करणमा बोकेको छु' भन्दै पीडित आमाहरूसँग क्षमायाचना गर्नुभएको छ।

तर, उहाँले २०१६ को शान्ति सम्झौतापछि निरस्त्रीकरण गर्न अस्वीकार गरी पुनः सक्रिय भएका फार्कका असन्तुष्ट समूहहरूलाई लक्षित सैन्य कारबाही रोक्न लोकपालको कार्यालयले गरेको अनुरोध भने अस्वीकार गर्नुभएको छ।

अभियोजनकर्ताहरूका अनुसार सन् २०१९ देखि २०२३ सम्म विभिन्न सशस्त्र समूहहरूले एक हजार १०० भन्दा बढी बालबालिकालाई अपहरण गरेका छन्। सन् १९९६ देखि २०१६ सम्म यो सङ्ख्या २३ हजार ८०० पुगेको थियो, जसले कोलम्बियामा दसौँ वर्षदेखि जारी हिंसा र बालअधिकार सङ्कटको गम्भीरता झनै उजागर गर्दछ।

# वेस्ट बैङ्कमा जारी इजरायली हिंसाको युरोपियन युनियनद्वारा निन्दा

ब्रसेल्स, २ मङ्सिर (क्यूएनए)। युरोपेली युनियनका विदेश मामिला तथा सुरक्षा नीतिका लागि उच्च प्रतिनिधि, काजा कल्लासले वेस्ट बैङ्कमा निरन्तर जारी हिंसाको कडा निन्दा गर्दै उक्त घटनाक्रमलाई नजिकबाट निगरानी गरिरहेको बताउनुभएको छ।

ब्रसेल्सस्थित युरोपेली आयोगको मुख्यालयमा प्यालेस्टिनी प्रतिनिधिमण्डलबिच प्रस्तुत टिप्पणीमा, कल्लासले धम्की अभियान, शारीरिक तथा मौखिक आक्रमण, सम्पत्ति र घरहरू नष्ट भएको विषयमा छलफल भइरहेको तथा यस्ता अभ्यासहरू ईयूलाई अस्वीकार्य भएको बताउनुभएको हो।

युरोपियन युनियनले सहायता कार्यक्रम, विकास परियोजनाहरू र दुई-राज्यबिचको युद्ध समाधानको लागि प्यालेस्टिनी प्राधिकरणको भूमिकालाई सुदृढ पार्न प्यालेस्टिनी जनताको बलियो समर्थक रहेको कुरामा कलासले जोड दिनुभएको छ। उहाँले यसको लागि युरोपेली सङ्घ र प्यालेस्टिनी प्राधिकरणबिचको साझेदारीलाई अझै सुदृढ पार्नु पर्ने बताउनुभएको छ।

उहाँले ईयूले इजरायललाई कब्जा गर्ने शक्तिको रूपमा तत्काल, निर्णायक कदम चाल्न तथा निरन्तरको निर्दोष नागरिकमाथिको हिंसात्मक अपराधप्रति जवाफदेही बनाउन अघि बढ्नेसमेत उल्लेख गर्नुभएको छ।

# भारतका सुक्खा प्रभावित गाउँमा बालिकाहरूको शिक्षा गम्भीर सङ्कटमा

नन्दुरबार (भारत), २ मङ्सिर (एएफपी)। भारतको महाराष्ट्र राज्यका दूरदराजका खडेरीपीडित गाउँहरूमा रहेका बालिकाहरू शिक्षा र बाँच्नका लागि गरेको सङ्घर्षबिच दुविधामा परेको मार्मिक यथार्थ सतहमा आएको छ।

प्रत्येक बिहान १७ वर्षीया रमाती मङ्गला झर्ना गाउँबाट धेरै किलोमिटर टाढासम्म नाङ्गो खुट्टा हिँड्दै पानी ल्याउन स्टिलको भाँडो लिएर प्रस्थान गर्नुहुन्छ। जब उहाँ घर फर्कनुहुन्छ, तबसम्म विद्यालय सुरु भएर सकिनै लागेको हुन्छ।

उहाँले भन्नुभयो, "मेरो पुस्तकहरू सुरक्षित राखेको छु। तर, कहिल्यै समयमै फर्कने मौका पाइन भने के हुन्छ ?"

महाराष्ट्रका नासिक र नन्दुरबार जिल्लामा कुवाहरू सुक्दै गएका छन् र वर्षा दिनप्रतिदिन अनियमित बन्दै गएको छ, जसले स्थानीय बासिन्दाहरूलाई कठोर जीवनस्थितिको सामना गर्न बाध्य पारेको छ।

कामको खोजीमा पुरुषहरू नजिकका सहरतिर रोजगारीका लागि गएपछि मङ्गलाजस्ता किशोरीहरूलाई घर-परिवारका लागि पानी जुटाउने जिम्मेवारीअनुसार भारी बोझ वहन गर्नुपर्ने बाध्यता छ। दैनिक घन्टौं लाग्ने यो कामले विद्यालयमा हाजिरी राख्न अत्यन्तै कठिन बनाइदिएको छ।

स्थानीय अधिकारीहरूको अनुमानअनुसार यी क्षेत्रका करिब २० लाख जनसङ्ख्याले दैनिक पानीको अभाव भोगिरहेको छ। सन् २०२१ मा प्रकाशित युनेस्कोको प्रतिवेदनले जलवायुजन्य अवरोधहरूले विश्वभर लाखौँ बालिकाहरूलाई शिक्षाबाट वञ्चित गराउने खतरा रहेको चेतावनी दिएको थियो। भारतका ग्रामीण बस्तीहरूमा सो प्रतिकूल प्रभाव पहिले नै स्पष्टरूपमा देखिन थालेको शिक्षकहरू बताउँछन्।

हालैका वर्षहरूमा विशेषतया सुक्खा महिनामा विद्यालयमा बालिकाहरूको उपस्थिति तीव्र रूपमा घटेको छ। पारिवारिक जीविकोपार्जनको सङ्कटले धेरै अभिभावकहरू बाध्य भएर छोरीहरूलाई घरमै राख्नुपर्ने वा चाँडै विवाह गरिदिनुपर्ने विकल्पमा पुगेका छन्।

संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ, "सुक्खाग्रस्त क्षेत्रमा बस्ने बालबालिकाहरू, विशेषगरी पानी ल्याउने दायित्व पाएका बालिकाहरू विद्यालयमा नियमित हाजिर हुन निकै कठिनाइ भोग्छन्, किनकि पानीको कमी र प्रदूषणका कारण पानी सङ्कलन गर्न लाग्ने समय झनै बढ्दो छ।"

भारतभरका किशोरीहरूको जीवनमा जलवायु परिवर्तनले पानी ल्याउनेजस्तो सामान्य दैनिक कार्यलाई अब अस्तित्व र शिक्षाबिचको गम्भीर छनोटमा परिणत गरिदिएको छ।

मङ्गलाको कथालाई २५ वर्ष वा सोभन्दा कम उमेरका दक्षिण एसियाली फोटोग्राफरहरूका लागि खुला २०२५ माराई फोटो ग्रान्टमा फोटोग्राफर शेफाली रफीकले आफ्नो फोटोग्राफी शृङ्खलामार्फत उजागर गर्नुभएको छ।

सन् २०२५ को विषयवस्तु 'जलवायु परिवर्तन' र यसले दैनिक जीवन तथा त्यसमा संलग्न फोटोग्राफरहरूको समुदायलाई पारेको प्रभावमा केन्द्रित थियो।

एजेन्सी फ्रान्स-प्रेस (एएफपी) ले आफ्ना दिवङ्गत काबुल ब्युरो प्रमुख तथा अफगान फोटोग्राफीका प्रेरणादायी व्यक्तित्व शाह माराईको सम्मानमा यो पुरस्कार स्थापना गरेको हो। शाह माराईको सन् २०१८ अप्रिल ३० मा काबुलमा भएको आत्मघाती आक्रमणमा ४१ वर्षको उमेरमा कर्तव्यपालनका क्रममा निधन भएको थियो।

# कोप–३० मा कृषिमन्त्रीको नेतृत्वमा सहभागिता, जलवायु न्यायका लागि आह्वान

✍ भीष्मराज ओझा

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३० औं सम्मेलन (कोप-३०) मा नेपालले साझा सहकार्य, जलवायु न्याय र दिगो भविष्यका लागि आह्वान गरेको छ ।

ब्राजिलको बेलेममा जारी सम्मेलनमा नेपालले सबै राष्ट्रहरूको राष्ट्रिय निर्धारित योगदान (एनडिसी) प्रतिवेदन पेस गर्ने, अभिसन्धिबाट भएका दायित्व पूरा गर्ने र जलवायु न्यायसम्बन्धी अन्तर्राष्ट्रिय न्यायालयको परामर्शात्मक रायलाई सम्मान गर्ने कर्तव्यको बोधसमेत गराएको छ ।

सम्मेलनअन्तर्गत आइतबारको मन्त्रिस्तरीय सत्रलाई सम्बोधन गर्दै कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदनप्रसाद परियारले विकसित राष्ट्रहरूले विगतमा गरेका जलवायु वित्तसम्बन्धी प्रतिबद्धता पूरा गर्नुपर्ने बताउनुभयो । उहाँले १.५ 'डिग्री सेल्सियस' को लक्ष्य साकार पार्न उदाउँदो अर्थतन्त्रसहित सबै पक्षले रचनात्मककरूपमा संलग्न हुनुपर्नेमा जोड दिनुभएको वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. महेश्वर ढकालले जानकारी दिनुभयो ।

यसै प्रसङ्गमा मन्त्री परियारले गत जेठमा काठमाडौँमा सम्पन्न सगरमाथा संवादको सन्दर्भ स्मरण गराउँदै युएनएफसिसिसी प्रक्रियामा हिमालसम्बन्धी एजेन्डालाई तुरुन्तै समावेश गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो । यही नोभेम्बर १० तारिखमा सुरु भएर २१ तारिखसम्म चल्ने सम्मेलनमा नेपालको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उहाँले जलवायु न्यायप्रति नेपालको प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

**शून्य कार्बन उत्सर्जनको मार्गचित्र प्रस्तुत**

हिमनदीहरूको तीव्र परिलने क्रम, खडेरी, असमान्य बाढी तथा कृषि क्षेत्रमा परेको प्रभावजस्ता नेपालको प्रमुख जलवायु चुनौतीहरूलाई उजागर गर्दै उहाँले नेपालको महत्त्वाकाङ्क्षी एनडिसी तेस्रोबारे सहभागीहरूलाई जानकारी गराउनुभएको थियो । जसले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको मार्गचित्र प्रस्तुत गरेको छ । "विश्वका सबैभन्दा प्रकृतिसँग नजिक रहेका राष्ट्रहरूमध्ये एकका रूपमा, हाम्रो वन क्षेत्र अहिले ४६ प्रतिशतभन्दा बढी पुगेको छ," उहाँले जोड दिनुभयो ।

सम्मेलनकै दौरान मन्त्री परियार विभिन्न कार्यक्रममा सहभागी हुँदै द्विपक्षीय तथा बहुपक्षीय तहमा सक्रियरूपमा संलग्न रहनुभएको थियो । उहाँले 'फसिल फ्युल ट्रिटी इनिसिएटिभ' द्वारा आयोजित कार्यक्रममा भाग लिँदै स्वच्छ ऊर्जासम्बन्धी अभ्यासहरू विस्तार गर्ने नेपालका योजनाहरू विद्युतीय सवारीसाधन तथा विद्युतीय चुल्होको प्रयोग वृद्धिका पहलहरू बारेमा जानकारी दिनुभएको थियो ।

यसैगरी मन्त्री परियार एलडिसीहरूको मन्त्रिस्तरीय बैठकमा पनि सहभागी हुनुभयो, जहाँ जलवायु परिवर्तनसम्बन्धी एलडिसी समूहको अध्यक्षता हस्तान्तरण गरिएको थियो । बैठकमा मन्त्री परियारले समूहका प्राथमिकताहरू अगाडि बढाउनमा मालावीले गरेको योगदानको प्रशंसा गर्दै, टिमोर-लेस्टेको नयाँ अध्यक्षताप्रति नेपालको ऐक्यबद्धता र समर्थन व्यक्त गर्नुभएको थियो ।

उहाँ अन्तर्राष्ट्रिय ठुला बाघ संरक्षण गठबन्धन (आईबीसीए) का सदस्य मुलुकका मन्त्रीहरूसँग बैठकमा सहभागी भई संस्थापक सदस्यका रूपमा नेपाल गठबन्धनका लक्ष्यहरू प्रवर्द्धन गर्न दृढ रहिरहने प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो ।

त्यसैगरी द्विपक्षीय छलफलअन्तर्गत उहाँले आइतबार नै हानिनोक्सानी कोषका कार्यकारी निर्देशक इब्राहिम चेइख डियोङसँग भेट गर्नुभएको थियो । दुवै पक्षबिच नेपालको उपयुक्त राष्ट्रिय परियोजनाहरूका लागि उक्त कोषबाट वित्त पहुँचको सम्भावनाबारे विचार आदानप्रदान भएको वन मन्त्रालयले जनाएको छ ।

**'सगरमाथाबाट बेलेमसम्म : जलवायु कार्यअभियान प्रवर्द्धन'**

मन्त्री परियारले सोमबार भारतका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री भूपेन्द्र यादवसँग भेट गर्ने कार्यक्रम तय भएको ब्राजिलस्थित नेपाली दूतावासले जनाएको छ ।

आजै नेपालले 'सगरमाथाबाट बेलेमसम्म : जलवायु कार्यअभियान प्रवर्द्धन' शीर्षकमा एक सहायक कार्यक्रम आयोजना गर्न लागेको सहसचिव ढकालले जानकारी दिनुभयो । जसको उद्देश्य 'सगरमाथा कल फर एक्सन' सार्वजनिक गरेपछि हालसम्म भएको प्रगतिलाई समीक्षा गर्नु तथा युनएनफसिसिसी प्रक्रियाभित्र हिमालको एजेन्डालाई सुदृढ बनाउने रणनीति विकास गर्नु हो । उक्त कार्यक्रममा पर्वतीय मुलुकका मन्त्री तथा वरिष्ठ अधिकारीहरू साथै संयुक्त राष्ट्रसङ्घीय अधिकारीहरूको सहभागिता रहने बताइएको छ ।

सम्मेलनको पूर्वसन्ध्यामा गत कार्तिक २० र २१ गते भएको 'लिडर समिट' मा पनि वन तथा वातावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले नेपालका तर्फबाट वक्तव्य दिँदै विश्वव्यापी सहकार्य, जलवायु न्याय र दिगो भविष्यका लागि तत्कालीन कार्यको आह्वान गर्नुभएको थियो ।

सचिव मिश्रले नेपालले प्रकृतिमैत्री प्रणाली र वातावरणीय संरक्षणलाई सधैँ प्राथमिकतामा राखेको उल्लेख गर्दै जीवाष्म इन्धनको चरणबद्ध अन्त्य गर्दै विद्युतीय सवारी र स्वच्छ ऊर्जातर्फ तीव्र रूपान्तरणमा रहेको अवगत गराउनुभएको थियो । उहाँले नेपालको कार्बन उत्सर्जन अत्यन्त न्यून भए पनि विश्वव्यापी बढ्दो तापक्रमका कारण जलवायुका असरबाट पीडित हुनुपरेको तथ्य उल्लेख गर्नुभएको थियो ।

उहाँले पेरिस सम्झौताले परिणाम दिन थालेको तर आवश्यक गति र परिमाण भने अपेक्षानुसार नभएको उल्लेख गर्दै कमजोर देशका लागि वित्त र प्रविधिको पहुँच अझै जटिल र महँगो भएकाले यसलाई सहज र सबैका लागि सुलभ बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

**हिमालका 'एजेन्डा' स्थापित गर्ने प्रयास**

कोप-३० मा नेपालले सगरमाथा संवादका निष्कर्षका साथ युएनएफसिसिसी प्रक्रियामा हिमालसम्बन्धी एजेन्डालाई समावेश गर्नुपर्ने विषयमा विभिन्न मञ्चमा पहल गरिरहेको वन मन्त्रालयले जनाएको छ । यसका साथै सम्मेलनमा नेपालले जलवायुजन्य हानिनोक्सानी, अनुकूलन, न्यूनीकरण, कार्बन वित्त र पेरिस सम्झौताको धारा ६ विषयमा आधारित रहेको आफ्ना एजेन्डा प्रस्तुत गरिरहेको सहसचिव ढकालले जानकारी दिनुभयो । जलवायु वित्त, जलवायुका विषयमा पारदर्शिता ढाँचा, पर्वत, क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरण तथा जलवायु न्यायका विषयमा आधारित रहेर सम्मेलनका कार्यक्रममा भाग लिइरहेको उहाँको भनाइ छ ।




परिवर्तित जलवायुका कारण नेपालमा पछिल्लो समय मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ । यस प्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र विपद्ले गर्दा नेपालले ठुला जलवायुजन्य हानिनोक्सानीको सामना गर्नु परिरहेको छ । यस वर्षमात्र बाढी, पहिरो, खडेरी, हिमताल फुट्ने घटना र वन डढेलोका कारण ३०० भन्दा बढी नेपालीले ज्यान गुमाउनुपरेको थियो भने अर्बौंको नोक्सानी व्यहोर्नुपरेको थियो ।

मन्त्री डा. परियार यही नोभेम्बर १५ तारिखमा बेलेम पुग्नुभएको थियो । ब्राजिलस्थित नेपालका राजदूत निर्मलराज काफ्लेसहित कोप-३० मा सहभागी नेपाली सरकारी उच्चअधिकारीहरूले उहाँलाई स्वागत गर्नुभएको थियो । उहाँ नोभेम्बर १९ तारिखमा नेपाल फर्कने कार्यक्रम रहेको छ । *रासस*

# फर्किएको रैथाने खान्कीको रौनक

✍ अच्युत रेग्मी

काठमाडौँ, २ मङ्सिर । एक जमाना यस्तो थियो मानिस कोदोको ढिँडो लुकाएर खान्थे, अथवा ढिँडो खाएको कुरा खुलेआम भन्न रुचाउँदैथे । गाउँघरमा समेत यस्तै अवस्था थियो । किनभने ढिँडो गरिबको खान्की हो भन्ने मानसिकता थियो ।

त्यो समयमा चामलको भात धनी अर्थात् सम्पन्नहरूले र कोदो गरिबले खान्छन् भन्ने थियो । यसकारण, गाउँघरमा कतैकतै त घरभित्र ढिँडो खाने र बाहिर कुकुरलाई एकगाँस दूधभात दिने गरेको तथ्यहरू पनि सुन्न पाइन्थ्यो ।

अहिले जमाना बदलिएको, छ, समय फेरिएको छ । मानिस गाउँघरको त के कुरा सहर बजारका ठुलै होटलमा पनि ढिँडो खोज्दै जान थालेका छन् । ढिँडो अब लुकेर र लुकाएर खाने खान्की नभएर मनपर्ने खाना मात्र नभएर रोजाइको खानामा पर्न थालेको छ । त्यसैले मानिसले अहिले ढिँडो खाँदा गर्व गर्छन् र सामाजिक सञ्जालमा आज ढिँडो खाइयो भनेर तस्बिर पोष्ट गर्ने गर्छन् ।

पहिले दुर्लभ मानिएको भात अहिले विकल्पको खाना भएको छ । घरमा होस् या होटलमा, मानिसहरूले सकेसम्म भात खाँदैनन् । रोटी, च्याख्ला या ढिँडो नै रोजाइमा पर्न थालेको छ । पहिलेको धनीमानी तथा सानको खाना भातलाई अहिले मानिस रोगको घरका रूपमा लिन्छन् । किनभने चिकित्सकहरू नै धेरै भात नखान सुझाउँछन् । सकेसम्म अर्गानिक खाना, रैथाने उत्पादनको खान्की र सकेसम्म भात थोरै खानुपर्ने चिकित्सकहरूको सल्लाह छ ।

पहिलेको तुलनामा अहिले मानिसमा आफ्नो स्वास्थ्यसम्बन्धी चेतनामा वृद्धि भएको देखिन्छ । त्यसैले मानिस विषादी प्रयोग नभएको, रैथाने उत्पादन तथा कार्बोहाइड्रेट धेरै नभएका खानेकुरा रोज्न थालेका छन् ।

खाद्य, पोषण तथा जनस्वास्थ्यविद् डा. अरुणा उप्रेती पछिल्लो समय पहिलेका रैथाने अन्न जस्तै कोदो, फापर, गुद्रुक, मकै तथा च्याख्ला र दाल भात धेरैको रोजाइमा पर्न थालेको बताउनुहुन्छ । रक्तचाप, मधुमेहलगायत रोगबाट जोगिनका लागि पनि बजारका र आधुनिक खानेकुराभन्दा रैथाने खाना नै खानुपर्छ भन्ने चेतना मानिसमा बढ्दै गएको उहाँको अनुभव छ ।

"पहिला रैथाने खाना खाँदा अपहेलित हुने अवस्था पनि थियो । तर, अहिले त्यस्तो छैन, सञ्चारमाध्यमले गर्दा रैथाने खानातर्फ मानिस आकर्षित भएका छन् । पहिला मैले कोदो खाएँभन्दा मान्छेलाई अपमान महसुस पनि हुने गरेको थियो । अहिले भने पाँचतारे होटलमै पनि कोदो, फापरको रोटी ढिँडो पाउन सकिन्छ । मेन्युमा नै पनि यस्ता परिकार लेख्न थालिएको देखिन्छ," उहाँ भन्नुहुन्छ ।

मानिसमा शारीरिक व्यायाम आदि कम हुँदै गएको र बजारका खानेकुराको मात्रा बढ्दै गएकाले अर्गानिक तरिकाबाट उत्पादन गरिएका यस्ता स्थानीय, रैथाने खानाले स्वास्थ्यलाई राम्रो गर्ने उहाँको सुझाव छ ।

मार्सी चामलको 'ब्रान्डिङ' गरेर अहिले ललितपुरको झम्सिखेलमा 'मार्सी थकाली' सञ्चालनमा आएको छ । मार्सी धान विशेषत: चिसो हावापानीमा उत्पादन हुने धान हो । चिसो हावापानीमा उत्पादन हुने भएकाले मार्सी चामलको खाना स्वादिलो हुने गरेको छ । मार्सी थकालीका सञ्चालक मधुसुदन ढकाल हिमाली क्षेत्रमा



उत्पादित हुने धानलाई आफ्नो रेष्टुरेन्टले 'ब्रान्ड' बनाएर अगाडि बढाएको बताउनुहुन्छ । मार्सी थकालीमा मार्सी खानासहित स्थानीयस्तरमा उत्पादित गुन्द्रुक, कालिज, बँधिया कुखुरा, बट्टाई, च्याङ्ग्राको सुकुटी, गङ्गटा, घुङ्गी, लोकल कुखुरालगायत रैथाने स्वाद लिन पाइन्छ ।

काठमाडौँको लाजिम्पाटस्थित बुकी बुटिक होटलका व्यवस्थापक मनिष श्रेष्ठ केही वर्षअघिसम्म मानिस होटलमा विशेषगरी भात खान नै आउने गरेकामा अहिले उनीहरूको खानपिनमा निकै परिवर्तन आएको आफूले पाएको अनुभव सुनाउनुहुन्छ ।

मानिस बढी त लोकल अथवा रैथाने उत्पादनमा नै बढी आकर्षित हुने गरेको बताउँदै श्रेष्ठ भात नै खोजे पनि मानिसले मार्सी चामल या अरु नै त्यस्तै रैथाने चामलको भात खोज्ने नत्र ढिँडोलगायत अरु खानेकुरा मन पराउने गरेको बताउनुहुन्छ ।

त्यसैले आफूले स्थानीय उत्पादन, मार्सी चामलको थाली, लोकल कुखुरा तथा गाउँघरबाटै रैथाने गेडागुडी, कालो मासको दाल र लोकल सागहरू मगाउने गरेको उहाँको भनाइ छ । यही कारणले अहिले सो होटल परिसरमा हरेक शनिबार बिहान स्थानीय एवं रैथाने उत्पादन जस्तै जुम्लाको सिमी, मुस्ताङको आलु, जुम्ली मार्सी चामल, फापर एवं काठमाडौँकै पनि काँठतिरका सागसब्जी र गेडागुडीका अर्गानिक उत्पादनको बजार लाग्ने गरेको श्रेष्ठ बताउनुहुन्छ ।

सेफ्स एसोसियसन नेपालका पूर्वअध्यक्ष एवं काठमाडौँको नागार्जुनस्थित नागार्जुन रिसोर्टका सल्लाहकार सेफ गोविन्दनरसिंह केसी रैथाने खाना खानेको सङ्ख्या पछिल्लो समय बढ्दै गएको बताउनुहुन्छ ।

"पहिले त होटलमा गएर खाने भनेको ठुलाबडाले मात्र हो भन्ने थियो, किनभने मानिससँग पैसा नै हुँदैनथ्यो । कहिलेकाहीं होटल जानेहरूले पनि रैथानेभन्दा पनि होटलको आधुनिक परिकार नै खोज्थे । तर, अहिले त्यस्तो छैन । मानिस ठुलै होटलमा गएर पनि अर्गानिक तथा रैथाने खाना खोज्ने गरेका छन् । यो स्वास्थ्यसम्बन्धी एक प्रकारको चेतना पनि हो," उहाँ भन्नुहुन्छ ।

विगतमा सोल्टी होटलको सेफसमेत रहनुभएका केसी पहिले अहिलेजस्तो तरकारी आदिमा विषादी प्रयोग गर्ने चलन नरहेकाले होटलको खाना पनि त्यति अस्वस्थ हुँदैनथ्यो भन्नुहुन्छ । केसीको अनुभवमा अहिले उत्पादन बढाउन अनेकथरि औषधि, मलको प्रयोगले गर्ने र यस्ता समाचारले मानिसमा चेतना बढेको बताउँदै काठमाडौँका मानिस रैथाने खाना तथा स्थानीय उत्पादन खोज्दै अहिले नागार्जुन रिसोर्टजस्तै काँठ क्षेत्रका होटलमा पुग्ने गरेका छन् ।

काठमाडौँको डाँडागाउँस्थित रोयल भिल्ला रिसोर्टका सञ्चालक पुष्कल मल्लको अनुभव पनि त्यस्तै छ । काठमाडौँको भिडभाडबाट केही पर जङ्गल नजिक रहेको आफ्नो रिसोर्टमा पनि स्थानीय एवं रैथाने स्वादका खानामा 'इन्जोय' गर्न मानिस आउने गरेको बताउनुहुन्छ ।

"पछिल्लो समय नेपाली खानाप्रति मानिसको रुचि बढेको देख्छु । हामीकहाँ पनि धेरै गेष्ट काठमाडौँबाटै आउनुहुन्छ र नेपाली मात्र नभएर रैथाने र अर्गानिक खाना नै खोज्नुहुन्छ, ढिँडो, गुद्रुक, सिस्नु फापर, मार्सी चामलको भात, लोकल कुखुराको झोल आदि खाने प्रचलन अहिले धेरै बढेको छ । धेरैको रोजाइ टिपिकल खाना पर्ने गर्दछ," मल्ल भन्नुहुन्छ ।

केही वर्षयता राजधानी काठमाडौँ सहरभित्रभन्दा पनि काँठ क्षेत्रमा बढी ने मात्रामा होटल रेष्टुरेन्टहरू खुलेका छन् । ती होटलमा सहरका तुलनामा धेरै नै पाहुना जाने गरेको सञ्चालकहरूको अनुभव छ ।

राजधानी काठमाडौँबाहेक नेपालको प्रमुख पर्यटकीय नगरी पोखराको विमानस्थल नजिक रहेको 'एयरपोर्ट' थकाली, चिप्लेढुङ्गाको मन्त्र थकाली, फेवाताल ड्यामसाइडस्थित मोनालिसा थकाली, पोखराको नौडाँडामा रहेको भण्डारी भान्सा घर, चितवनको भरतपुरस्थित पाते ढिँडो थकाली, भरतपुरमै रहेको बाजेको माछा महललगायत थुप्रै होटल तथा रेष्टुरेन्टहरूले पारखीहरूलाई स्थानीय रैथाने खानाको स्वाद चखाइरहेका छन् । *रासस*

# सियोल-अमेरिका पनडुब्बी सम्झौताले 'आणविक डोमिनो' सुरु हुने प्रजग कोरियाको दाबी

सियोल, २ मङ्सिर (एएफपी)। प्रजातान्त्रिक जनगणतन्त्र (उत्तर) कोरियाले दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाबिच आणविक-सञ्चालित पनडुब्बी निर्माणसम्बन्धी नयाँ सम्झौताप्रति कडा आपत्ति जनाउँदै उक्त समझदारीले क्षेत्रीय तथा विश्वव्यापी सुरक्षा सन्तुलनमा 'आणविक डोमिनो' प्रभाव उत्पन्न गर्ने दाबी गरेको छ।

प्योङ्याङले मङ्गलबार राज्य सञ्चालित मिडियामार्फत दिइएको प्रतिक्रियामा यो कदमलाई खतरनाक सैन्य टकरावका सङ्केतका रूपमा चित्रण गरेको हो।

दक्षिण कोरियाका राष्ट्रपति ली जे-म्युङले गत हप्ता वासिङ्टनसँग लामो समयदेखि प्रतीक्षित सुरक्षा तथा व्यापार सम्झौतामा अन्तिम सहमति जुटेको घोषणा गर्नुभएको थियो। उक्त सम्झौतामा आणविक-सञ्चालित पनडुब्बीसमेत विकास गर्ने योजनालाई उल्लेखनीय उपलब्धि मानिएको छ। सियोलले यसले 'युरेनियम संवर्द्धन तथा खर्चिएको इन्धन पुन:प्रशोधनसम्बन्धी आफ्नो अधिकार विस्तार गर्न अमेरिकी समर्थन दिलाएको' बताएको छ।

सम्झौतामाथिको पहिलो आधिकारिक प्रतिक्रिया जनाउँदै प्रजग कोरियाले पनडुब्बी कार्यक्रमलाई 'टकराव भड्काउने खतरनाक प्रयास' भन्दै टिप्पणी गरेको छ। कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले प्रकाशित गरेको वक्तव्यअनुसार उक्त सम्झौता 'कोरियाली प्राय:द्वीप बाहिरै एसिया-प्रशान्त क्षेत्रमा समेत सैन्य तथा सुरक्षा अवस्थालाई अस्थिर बनाउने गम्भीर विकास' हो, जसले 'विश्वव्यापी स्तरमा नियन्त्रण गर्न नसकिने आणविक प्रतिस्पर्धाको स्थिति' निम्त्याउन सक्छ।

प्योङ्याङले दक्षिण कोरियाले आणविक-सञ्चालित पनडुब्बीहरू सञ्चालनमा ल्याएपछि यस क्षेत्रमा 'आणविक डोमिनो घटना' सुरु भई नयाँ शस्त्र दौड चर्किन बाध्य हुने चेतावनी पनि दिएको छ।

यो प्रतिक्रिया सियोलले सीमा तनाव रोक्नका लागि प्रजग कोरियासँग सैन्य वार्ताको प्रस्ताव गरेको भोलिपल्ट आएको हो। सात वर्षपछि पहिलोपटक प्रस्तुत गरिएको यस प्रस्तावमा राष्ट्रपति लीले कुनै पूर्वशर्तविना व्यापक संवाद गर्न इच्छुक रहेको स्पष्ट पार्नुभएको छ। यो नीति रुढीवादी पूर्ववर्तीहरूले अपनाएको कठोर नीतिबाट पूर्णत: भिन्न रहेको दाबी गर्नुहुन्छ।

यसैबिच, उत्तर कोरियाले राष्ट्रपति लीको संवाद प्रस्तावमाथि हालसम्म कुनै प्रतिक्रिया नदिएको दक्षिण कोरियाली अधिकारीहरूले जनाएका छन्।

***नेका...***

सार्वजनिक भयो। यसलाई देउवाले अस्वीकार गरे पनि जाँचबुझ समितिको अध्ययनमा सत्य भएको सार्वजनिक भयो।

सामन्ती व्यवस्थामा जनताको रगत पसिनाबाट बनाइएका दरबार र भवनहरूलाई राजामहाराजाहरूले बनाएको भनी इतिहास लेखाए। कीर्तिपुरमा क्रिकेट मैदान जनताको करबाट निर्माण भएको हो। एमालेका केपी ओली प्रधानमन्त्री हुँदा निर्माण सुरु भएको भनी क्रिकेट मैदान ओलीले बनाएको दाबी गरिँदै छ।

बरोबर उपप्रधानमन्त्री र गृहमन्त्रीसमेत भएकाहरूले दलितमाथि भेदभाव गर्नेलाई आजीवन काराबासको सजाय दिनुपर्ने दाबी गरे। उनले आफू गृहमन्त्री हुँदा त्यस्तो कारबाही कसलाई भयो? बताएनन्।

भारतको कर्नाटक राज्यमा महिलालाई महिनावारीको अवधिमा बिदा हुने व्यवस्था गरिएपछि ६० लाख महिलाको स्वास्थ्यमा मद्दत पुग्ने बताइयो। यो व्यवस्थाको लागि राज्य सरकारको बजेट कति थप हुने हो?

***विद्युत्...***

जनकाङ्ग्रेस) का प्रधानमन्त्री थिए। त्यो सम्झौताले नेपालले वर्षको खरबौँ रुपैयाँको क्षति व्यहोर्नुपऱ्यो। कोसी बाँध निर्माणपछि नेपालको हजारौँ विघा जमिन डुबानमा पऱ्यो। त्यसको कुनै क्षतिपूर्ति पाउन सकेको छैन। नेपालको पानी नेपालकै भूमिमा बाँध र नहर बनाएर भारतीय भूमि हराभरा बनाइरहेको छ। नेपाली भूमिमा सिँचाइसमेतको व्यवस्था छैन। त्यो राष्ट्रघाती सन्धिको अहिलेसम्म नेपाली जनताले विरोध गरिरहेका छन्।

त्यसैगरी २०१६ साल मङ्सिर १९ गते नेपाल सरकार र भारत सरकारबिच गण्डक सम्झौता भयो। त्यतिबेला नेकाका सभापति बीपी कोइराला प्रधानमन्त्री थिए। सम्झौतामा उपप्रधानमन्त्री सुवर्णशमशेर र भारतका तर्फबाट भगवान सहायले हस्ताक्षर गरेका थिए। उक्त सन्धिमा नेपालमा बन्ने बाँधमा नेपाल र भारतको समान हक हुने र बाँध निर्माणको लागि आवश्यक खर्च भारत सरकारले व्यहोर्ने जस्ता बुँदाहरू उल्लेख छन्। अझ बाँध निर्माण गर्दै जाँदा आवश्यक भए जति जग्गा नेपालले भारतलाई उपलब्ध गराउनेजस्ता बुँदाले भारतको एकतर्फी हित देखिन्छ। यसर्थ, नेपाली जनताले गण्डक सम्झौतालाई पनि राष्ट्रघाती सम्झौताको रूपमा चिन्छन्।

२०५३ सालमा भएको महाकाली सन्धि होस् या त्यसपछि भएको माथिल्लो कर्णालीसम्बन्धी सम्झौताहरू होस् ती सम्झौताहरूले नेपालका मुख्य मुख्य नदीनालाहरू भारतको कब्जामा पुग्यो। नेपालकै पानीबाट उत्पादित बिजुली भारतसँग अत्यन्त महँगो मूल्यमा किन्नुपर्ने बाध्यता आइपरेको छ। जेन-जी आन्दोलनबाट बनेको सरकारले समेत नेपाललाई हानि नोक्सानी हुने सम्झौता गरेको छ। यस्तो अवस्थामा वर्तमान सरकारले भ्रष्टाचारीहरूलाई कारबाही गर्छ भनेर सोच्नु मृगतृष्णामात्र हुनेछ। वर्तमान मन्त्रीहरू पनि विगतका मन्त्रीहरूकै निरन्तरता मात्र साबित हुनेछन्। यस मन्त्रीमण्डलबाट कुनै अपेक्षा नगर्नु नै राम्रो।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### सामुदायिक कुकुर तथा बिरालो बन्ध्याकरण तथा रेबिज खोपसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०३

भक्तपुर नगरपालिका क्षेत्रभित्रका सामुदायिक कुकुर तथा बिरालोहरूलाई बन्ध्याकरण तथा रेबिज खोप कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट मान्यता प्राप्त सम्बन्धित कार्यमा इजाजतपत्र प्राप्त भएका रजिस्टर फर्म कम्पनी तथा संस्थाहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरिद गरी पेस गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

### अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं,

समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भक्तपुर ट्रक व्यवसायी संघ

लिबाली, भक्तपुर-८

### २६ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस भक्तपुर ट्रक व्यवसायी संघको २६ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूलाई समयमै उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछ। साथै साधारणसभामा सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई पत्राचार गरिसकेकोमा कुनै सदस्यहरूलाई कारणवस पत्र नपुगेको भएमा यसै सूचनालाई आधार मानी साधारणसभामा उपस्थित भइदिनुहुन अनुरोध गर्दछ।

**छलफलका विषयहरू**

क. आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा।
ख. आ.व. २०८१/०८२ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन सम्बन्धमा।
ग. आ.व. २०८१/०८२ को लेखापरीक्षकद्वारा तयार गरेको लेखापरीक्षक प्रतिवेदन सम्बन्धमा।
घ. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा।
ङ. कार्यसमितिबाट आ.व. २०८१/०८२ मा गरिएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
च. निर्णयपुस्तिका प्रमाणितको लागि प्रतिनिधि चयन सम्बन्धमा।
छ. विविध।

**कार्यक्रम**

**मिति** : २०८२/८/५ गते, शुक्रबार
**समय** : दिउँसो १२:३० बजे
**स्थान** : ओल्ड दरबार पार्टी प्यालेस, लिबाली, भक्तपुर-८

**नोट**

१. सहभागी शुल्क प्रतिव्यक्ति रु.१०००/- (रु. एक हजार मात्र) लाग्नेछ। एक मात्र गाडी भएका सदस्यलाई अनिवार्य शुल्क लाग्नेछ। एकभन्दा बढी गाडी भएका सदस्यहरूको हकमा एक व्यक्ति बराबरको सहभागिता शुल्क अनिवार्य लाग्नेछ भने थप सहभागिताको हकमा अनिवार्य नहुने र उपस्थित सङ्ख्याको आधारमा शुल्क लाग्नेछ।

लक्ष्मीप्रसाद गोरा
अध्यक्ष
भक्तपुर ट्रक व्यवसायी संघ


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा